'नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स'

# अर्हत ८६

वर्ष ११, अंक ३ | बुद्ध सम्वत् २५६८ | ने.सं. ११४४ थिंलाथ्व | वि.सं. २०८० पुस १० योमारी पुन्हि



# पञ्चशील प्रार्थना

उहाँ भगवान अरहत सम्यकसम्बुद्धलाई नमस्कार (३)
म बुद्धको शरणमा जान्छु,
म धर्मको शरणमा जान्छु,
म संघको शरणमा जान्छु,

दोस्रोपल्ट पनि बुद्धको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म संघको शरणमा जान्छु,

तेस्रोपल्ट पनि बुद्धको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म संघको शरणमा जान्छु,

म प्राणी हिंसा गर्ने काम छोड्ने शील राम्ररी पालना गर्छु ।
म चोरी गर्ने काम छोड्ने शील राम्ररी पालन गर्छु ।
म कामरागको विषयमा नराम्रो आचरण गर्नेछैन ।
यो शील राम्ररी पालन गर्नेछु ।

म झूट कुरा बोल्ने बानी छोड्ने शील राम्ररी पालन गर्छु ।
म बेहोसको कारण हुने रक्सी, जाँड आदि लागूपदार्थ

# अर्हत
त्रैमासिक

वर्ष ११ | अंक ३ | बुद्ध सम्वत २५६८ | नेसं ११४४ थिलाथ्व
वि.सं. २०८० पुस १० गते सोमारी पुन्हि

सल्लाहकार
रत्नसुन्दर शाक्य
चन्द्रबहादुर उलक

सम्पादक/प्रकाशक
उद्धव सुजखु

बौद्ध दर्शन अध्ययन समाजको
सहयोगार्थ प्रकाशित

बजार व्यवस्थापन तथा वितरण
बालमुकुन्द बासुकला

विज्ञापन सङ्कलक
लक्ष्मीप्रसाद रंजित

कम्प्युटर सेटिङ्ग
राजन सिमाछ्वा

मुद्रण
सिद्धि गणेश अफसेट प्रेस
चोर्चा-७, भक्तपुर
फोन नं. ६६१४७९३
Email: arhattraimasik@gmail.com

सहयोग रु. ५०/-




## यसभित्र


| | | |
|---|---|---|
| बुद्धको मनोवैज्ञानिक उपचार | भिक्षु अश्वघोष | ४ |
| 'लुम्बिनी' जहाँ महान व्यक्तित्वले आँसु झारे | गौतम वीर बज्राचार्य | ६ |
| कपिलवस्तुस भगवान्-२ | चित्तधर हृदय | ९ |
| लुम्बिनी पुनरुद्धार प्रसंग-२ | रत्नसुन्दर शाक्य | १३ |
| भारतवर्षमा बुद्धको इतिहास खोजमा जेम्स प्रिंसेपको देन | सुरेश ज्योती शाक्य | १९ |
| जयस्थिति मल्ल कालमा बुद्धधर्म र नेपालको स्थिति | तिलकमान गुभाजु | २३ |
| महामानव गौतम बुद्ध ! | न्हुछेरत्न बुद्धाचार्य | २४ |
| बौद्ध सम्बन्धी सामान्य ज्ञान ! | न्हुछेरत्न बुद्धाचार्य | २५ |
| भक्तपुरमा सम्पदा पदयात्रा सम्पन्न | | २६ |


थँबही (ठमेल) को सार्वजनिक कमलपोखरी मासेर बनाइएको पन्ध्र तलाको छायादेवी कम्प्लेक्स तत्काल भत्काऊ !

# सम्पादकीय

२५ सय वर्ष अघिदेखि विश्वमै शान्तिको सन्देश छर्ने बुद्धको जन्मभूमि हो नेपाल । तर, विश्वमै शान्तिलाई खल्बल्याइरहने साम्राज्यवादी र उपनिवेशवादी देशहरू वर्तमान अवस्थामा पनि सक्रिय रहेको हामीले पाइरहेका छौं । बुद्धभूमि नेपालका हामी नेपालीहरूको मन यतिखेर दुखिरहेको छ ।

अमेरिकी साम्राज्यवादले जहाँ पाइला टेक्छ त्यहाँ स्वतन्त्र देशहरू ध्वस्त बनाउँछ ; आफ्नो हतियारको व्यापार गर्छ, सार्वभौम देशहरूको प्राकृतिक स्रोतहरू जबरजस्ती आफ्नो मुठीमा पार्छ । साम्राज्यवादी देश संरा अमेरिका र बेलायतको आडभरोसामा आज इजरायलले प्यालेस्टिनी सहर गाजामा भिषण हमला गरिरहेको छ । २१ हजारभन्दा बढी प्यालेस्टिनीहरू बमबारीमा मारिएका छन् । ८ हजार मानिस भग्नावशेषमा पुरिएको खबर छ । दसौं हजार घाइते भएका छन् । सयौंलाई अपहरण गरेर चरम यातना दिइएको छ । शवहरू सडकमा सडिरहेका छन् र इजरायली बुल्डोजरहरूले प्यालेस्टिनीहरूलाई जिउँदै गाडेका छन् । अस्पतालहरू शवगृहमा परिणत भएका छन् ।

प्यालेस्टिनीहरूको विरुद्धमा इजरायली शासनको दशकौं लामो (७५ वर्षदेखि) मृत्यु र विनाशको अभियानको जवाफमा आफ्नो जमिन कब्जा गर्ने इजरायल युदीवादीविरुद्धको जवाफी हमलालाई निहुँ बनाई इजरायलले २०२३, अक्टोबर ७ मा गाजामा युद्ध छेडेको थियो । गाजाका २३ लाख जनता इन्धन, बिजुली, खाना र पानीबाट वञ्चित भएका छन् । वमवर्षाको कारण गर्ल्यामगुर्लुम ढलिरहेका भवनहरू अनि भग्नावशेषहरूले थिचिएका मानिसहरूको चित्कार र हारगुहार गरिरहेका भिडियोका दृश्यहरू हामीले दिनहुँ हेर्न बाध्य छौं । त्यहाँका २३ लाख नागरिकमध्ये १९ लाख आन्तरिकरूपले विस्थापित भएको छ । इजरायलले दैनिक सयौं प्यालेस्टिनीहरूको हत्या गर्दै छ, घाइते बनाउँदै छ । मारिएकाहरूमध्ये अधिकांश महिला र बालबालिकाहरू छन् । गाजा क्षेत्र हजारौं बालबालिका र महिलाहरूको चिहान बनेको छ । भग्नावशेषको थुप्रोले बस्ती उजाड भएको छ । इजरायली प्रम नेतन्याहुले समुद्रको नुनिलो पानीले गाजालाई डुबाउने धम्की दिएको छ ।

इजरायली सरकारले स्थानीय प्यालिस्टिनीमाथि गर्ने अत्याचारले सीमा नाघेपछि त्यसको प्रतिकार गर्न प्यालिस्टिनी जनता उठेपछि त्यसलाई इजरायली सरकार र पश्चिमा शक्तिले आतङ्कवादको संज्ञा दिए । यसको जवाफमा सं.रा. सङ्घको एउटा सभामा प्यालिस्टिनी नेता यासिर अराफातले भन्नुभएको थियो, देशको स्वतन्त्रता र मुक्तिको निम्ति लड्ने योद्धाहरू आतङ्ककारी हुने गर्दैनन् ; उपनिवेश र आक्रमणविरुद्ध लड्ने आतङ्ककारी हुँदैनन् । ती देशभक्त हुन्छन् ; स्वतन्त्रता सेनानी हुन्छन् ।

इजरायल र गाजाबिचको अस्थायी युद्धविरामको प्रस्तावलाई अमेरिकी भिटोले असफल पारेको थियो । यसरी संरा अमेरिका, बेलायत र यसका पिछलग्गू देशका राष्ट्र प्रमुखहरू युद्ध चाहन्छन् र नरसंहार गर्न चाहन्छन् भन्ने थाहा हुन्छ ।

विश्वका जनताले प्यालिस्टिनी जनताको आन्दोलनप्रति समर्थन र ऐक्यबद्धता जनाउँदै प्रदर्शन र सभा गरिरहे पनि नेपालका कम्युनिस्ट र प्रजातन्त्रवादी भनिने शासक दलहरू मौन छन् । जनताको तर्फबाट भए गरेका ऐक्यबद्धता प्रदर्शनहरूबारे मूलधार भनिने पत्रिका र अन्य समाचार माध्यम पनि समेट्न चाहँदैन । आफूलाई मानव अधिकारवादी भन्ने बुद्धिजीवीहरू र लेखकहरू पनि मौन बसिरहेका छन् । उनीहरू अन्तर्राष्ट्रिय कर्तव्यबाट विमुख छन् । उनीहरू पत्रकार, स्वास्थ्यकर्मी र लेखकहरू प्यालिस्टिन भूमिमा मारिँदा पनि त्यसको विरुद्ध बोल्न र लेख्न आँट गर्दैनन् । तिनीहरू कसरी स्वाधीनताप्रेमी र सार्वभौमप्रेमी हुन्छन् ? नेपालको संसद्ले अमेरिकी स्वार्थको एमसीसी सम्झौता पारित गरेपछि नेपालले पनि प्यालिस्टिनको नियति भोग्नुपर्ने स्थिति बनेको छ । एउटा हातले ताली बज्दैन । स्वाधीन र स्वतन्त्र साना मुलुकहरू साम्राज्यवादको चङ्गुलमा फस्दा स्वाधीन जनता मौन रहे नेपाल र नेपाली जनतालाई सङ्कटमा परेको बेला कसले साथ देला र ?

त्यसैले अरु शासक दल र सरकार आफैं इजरायली फासीवादीहरूले गरेको बर्बर हमलाविरुद्ध किंकर्तव्यविमढ भए पनि भक्तपुरका जनता र उपत्यकालगायत विभिन्न जिल्लामा प्यालिस्टिनी जनताको पक्षमा ठुलो प्रदर्शन गरेर नेपाली जनता प्यालिस्टिनीहरूको पक्षमा रहेको साबित गरिएको छ । पश्चिमी साम्राज्यवादको पराजय नभएसम्म न्यायप्रेमी जनताले युद्धको विरोधमा प्रदर्शन र सभा चालु राख्नु जरुरी छ ।

बौद्ध दर्शन अध्ययन समाज तथा अर्हत् परिवार प्यालिस्टिनी जनताको आन्दोलनप्रति ऐक्यबद्धता प्रकट गर्दै प्यालिस्टिनी जनतामाथि गरेको हिंसा बन्द गर किन नभन्ने ?

# बुद्धको मनोवैज्ञानिक उपचार



✍ भिक्षु अश्वघोष

गौतम बुद्ध श्रावस्ती जेतवन बिहारमा बस्नु हुँदा घटेको घटना हो । किशा गौतमी केटी गरीब कुलमा जन्मेकी थिइन् । तिनी राम्री थिइन् । त्यसैले तिनलाई उसकी आमा बाबुले धनी परिवारमा विवाह गरी दिए । गरीब कुलकी केटी हुनाले पतिको घरमा तिनले राम्रो व्यवहार पाएन । झन केही वर्षसम्म बच्चा नपाएकोले किशा गौतमीलाई अलछिन भन्न थाले । सासूहरूले घाम नलागेसम्म बुहारीको मुखै नहेर्ने भयो । तिनलाई अनेक तरहले लाञ्छना लगाउन थाले ।

त्यस्तो दयनीय अवस्थामा भाग्यवश तिनी दुई जीउकी भइन् । समय पुगेपछि तिनले पुत्ररत्न नै पैदा गरिन् । अनि तिनको भाग्यको चक्र फेरियो । अलच्छिन किशा गौतमी लक्ष्मी बनिन् । अभागी किशा गौतमी भाग्यमानी बनिन् । खूब मान सत्कार पाउन थालिन् अन्धकारमय जीवनमा प्रकाश पर्न थाल्यो । पिडीत र दुःखमय जीवन उल्लास र प्रीतिमय जीवनमा परिणत भयो ।

तर धेरै समय नबित्दै कालचक्रले पल्टा ख्वायो । किशा गौतमीको जीवनज्योति बालकको अचानक मृत्यु भयो । अनि के त ! किशा गौतमीको जीवनमा फेरि अन्धकारले घेरन थाल्यो । तिनी पगली जस्तै भइन् । तिनले यस बज्रपातलाई सहन सकिनन् । आफ्नो प्राण प्रिय मृत बालकलाई बोकी वैद्यहरूकहाँ गइन् र भनिन् -

"कृपया जसरी भए पनि औषधी गरेर मेरो बच्चालाई बचाइ दिनुस् । यो मेरो छोरा मेरो जीवनज्योति हो ।"

वैद्यहरूले भने "मरीसकेको बच्चा बाँच्दैन पगली !" "जहाँ पनि पगली, बच्चा मरिसक्यो औषधी काम लाग्दैन" भन्ने कुरा मात्र सुन्न पर्दा किशा गौतमी झन बढी मानसिक पीडाले पीडित भइन् । तिनले बुझ्न सकिनन् मरेको बच्चा बाँच्दैन भन्ने कुरो ।

एकजना वैद्यले किशा गौतमीको दयनीय अवस्था देखेर करुणापूर्वक विचार गरे कि तिनलाई सम्झाउन सक्ने र शान्त्वना दिन सक्ने गौतम

बुद्ध एक मात्र हुनु हुन्छ । त्यो सज्जनले तिनलाई गौतम बुद्धकहाँ पुऱ्याई दियो । किशा गौतमी बुद्धको अगाडि गएर भनिन् ।

"हे दयावान भगवन् ! मेरो बच्चालाई बचाइ दिनुस् । तपाईं ठूलो वैद्य हुनुहुन्छ भन्ने सुनेर म यहाँ आएको छु ।"

बुद्धले भन्नुभयो- बहिनी, म तिम्रो बच्चालाई बचाइ दिन्छु, एकछिन शान्तपूर्वक बस ।" त्यति सुन्न साथ उसको अशान्त मनलाई ठूलो शान्त्वना मिल्यो । पगली स्वभाव कम हुन थाल्यो । एकछिन पछि फेरी भन थालिन्

"भगवान छिटै मेरो बच्चालाई बचाई दिनुहोस् ।

गौतम बुद्धले भन्नुभयो- "बहिनी, हडबडले काम हुँदैन । अरु रोगी जस्तो तिम्रो छोरा होइन । विशेष प्रकारको औषधी बनाउनु पर्छ । औषधी बनाउने सामान छैन ।"

किशा गौतमीले हतपत सोधिहालिन्- "औषधीको लागि के ल्याउनु पऱ्यो त ?" बुद्धले भन्नु भयो- चोखो घरबाट एक मुठी तोरी ल्याउनु पऱ्यो । चोखो मतलब कहिले कोही पनि नमरेको घर हुनुपर्छ ।

बुद्धको आज्ञा स्वीकार गरी किशा गौतमी एक मुठी तोरीको खोजमा गइन् । घरैपीछे ढोका खटखटाई तोरी एक मुठी मागिन् । तोरी प्राइसके पछि चोखो घर होकि होइन भनी सोध्दा कतै पनि चोखो घर पाउन सकिनन् । सबै घरमा कोही न कोही मरेको खबर मात्र पाइन्थ्यो । अनि किशा गौतमी आफैले महसूस गर्छिन् ए !! सबै मर्नु पर्ने रहेछ । म पनि एक दिन मर्नु पर्छ । मेरो छोरा पनि मरिसक्यो । अब मरिसकेको छोराको केको माया? अब मलाई घरमा वा माइतीघर जानुको सत्ता भगवान् बुद्धको शरणमा जानु श्रेय छ । यति विचार गरी तिनी बुद्धकहाँ गइन् । बुद्धलाई नमस्कार गरिसकेपछि तिनले भनिन्

"भन्ते ! मेरो बच्चालाई जियाउनलाई तपाईं जुन वचन दिनु भएको थियो अब त्यो बचन पूरा गर्नु पर्दैन । मेरो आँखा खुल्यो । म तपाईंको शरण आउन चाहन्छु कि तपाईंले मलाई शरण दिनु हुन्छ ?

"बहिनी ! स्वागत छ । यहाँ अबला र अशरणहरूलाई सधै ढोका खुला छ ।" अनि तिनी बुद्ध धर्ममा शरणागत भई भिक्षुणी बनिन् । यसरी तिनको हृदय परिवर्तन भयो ।

**टिप्पणी**

तत्कालीन अबला महिलाको लागि बुद्धको शरण जानु बाहेक अरु के चारा छ र ? धनीले धनमदमा दुबी बच्चा नपाएको बुहारीलाई कुदृष्टि नराखेको भए, तथा अन्धविश्वास नभएको भए किशा गौतमी पगली कहाँ हुन्थी ? आज पनि अन्धविश्वासले गर्दा अबला महिलाहरूलाई दयनीय जीवन यापन गर्नु परिरहेछ । कुनी हाम्रो समाजबाट यस्तो अन्धविश्वास कहिले हट्ने होला ?

जे होस यस कथाबाट तत्कालीन समाजको चित्रण र तथागतको उपदेश शैलीको परिचय प्राप्त हुन्छ ।

साभा र नारी हृदय पुस्तकबाट

◆

# 'लुम्बिनी ... जहाँ महान व्यक्तित्वले आँसु झारे

✍ गौतम वीर बज्राचार्य
त्रि.वि.वि. बौद्ध अध्ययण केन्द्रीय विभाग

दोश्रो विश्व युद्धको क्रममा बर्मा माथी जापानी सैनिकहरूले ब्यापक वमवर्षा गरिरहेको थियो, मुख्यरूपमा सहरी क्षेत्रमा वम खसाल्ने क्रम रोकिएको थिएन । जीवन रक्षार्थ नेपालका बुद्धघोषसहित केही अन्य भिक्षुहरूसाथ म पनि घना जंगलतर्फ लागे, त्यही नै मैले वर्मी भाषा सिकें"...... यो अभिव्यक्ति थियो श्रद्धेय भिक्षु अनिरूद्धको । मेरो बाल्यकालको मनस्थितीले.....यसलाई कथा भने झै सम्झेको थिएँ । त्यो समय श्रद्धेय भिक्षुको लागी आफ्नो मनको भाव सुन्ने... अबोध बालक नै सहि... निर्जन लुम्बिनीमा... म बाहेक अरू बिकल्प पनि थिएन ।

यसोत: फाट्ट फुट्ट कहिले काँही यात्रुहरूको उपस्थिती नदेखिने त पक्कै होइन । तर पनि साँझसम्ममा फेरि सुन्सान नै प्राय: हुने गर्दथ्यो लुम्बिनी...। अञ्चलाधिसको अनुमति लिनुपर्ने, शुल्क तिर्नु पर्नाले लुम्बिनी प्रवेश... तीर्थयात्रुहरूकालाई असहज थियो । कोही कोहीत: झन्झटिलो प्रवेश प्रक्रियाले दु:खित र निराशभै मायादेबी मन्दिर नहेरी नै फर्कन्थे । त्यस समय लुम्बिनी उपेक्षित थियो.. सहजता र पुर्वाधार निमार्णमा कसैको दिलचस्पी देखिएको थिएन । लुम्बिनीमा यो कथिनतासंगै जुझ्दै थिए, भिक्षु अनिरूद्धको जीवन चर्या । प्राय: चैत्र, वैशाख महिनाको चर्को घाम छल्न अशोक स्तम्भको दक्षिणतर्फ रहेको बिशाल पिपल वृक्षको छहारि तर्फ...... शितलताको अनुभव गर्न पुग्दथे भिक्षु अनिरूद्र...। बालक न थहरियो, कागजका साना साना डुङ्गाहरू नजिकको पोखरीमा हाल्दै दङ्ग पर्ने मेरो स्वभावप्रति मन्दमुस्कानले हेर्नुहुन्थ्यो श्रद्धेय भिक्षु ।

सन् १९६७ को अप्रिल महिना थियो...... । यस्तै.... पिपलको छहारिमा बस्दै शितलताको अनुभव गर्दै थिए श्रद्धेय भिक्षु...। एक्कासि आकाशमा भट् भट् भट् गर्दै आएको आवाजले लुम्बिनीको शान्तमयी वातावरण केही क्षणको लागी प्रभावित हुन पुगे । बिशाल खरको झारलाई धाल्दै राजकिय बौद्ध विहारको उत्तरतर्फ हेलिकप्टर अवतरण हुन पुगे । आश्चर्यसहित अनेकन कौतुहलताका साथ हामी त्यसतर्फ लागे । यानको पंखाले विश्राम पनि लिन पाएका थिएन,... लामो कद भएको एउटा पुरूष फुट् बाहिर निस्कन पुगे.. ...., साथमा अन्य केही व्यक्तिहरू पनि थिए । को हुन् भन्ने समुचित उत्तर नपाउँदै श्रद्धेय भिक्षु सामु ती व्यक्ति

आइपुगे... श्रद्धाका साथ भिक्षुलाई दण्डवत गर्न थाले । व्यक्तित्व प्रकाशमान थियो । अप्रत्यासित थियो त्यो क्षण हाम्रो लागी... । साथमा आएका एक व्यक्तिले भिक्षुलाई उनी संयुक्त राष्ट्र संघका महासचिव ऊ थान्त भएको जानकारी दिए ।

पदीय अहंकार लेस पनि थिएन उनीमा, सम्भवत: यानबाट पनि लुम्बिनीको दृष्य देखिसके होलान्....... अनुहार अलि मलिन र गम्भीर नै देखिन्थे । सायद, स्वर्णिम् स्वरूपको लुम्बिनीको परिकल्पना गरेका होलान्..... ऊ थान्तले..... । यानबाट लुम्बिनीको परिक्रमा गरेको हामीले पनि देखेका थिएम् । परिकल्पीत अनुरूपको... स्वरूप लुम्बिनीको देखेन होलान् ?.... उनको अनुहारको मलिनताले यसको संकेत दिइरहेको थियो । लुम्बिनीको अस्तित्व.... छोप्ने प्रयास गर्दै गरेको त्यो खरको जंगललाई एकछिन चारैतर्फ नियाँलेर हेरे.......ऊ थान्तले ।....समयको गतिसंगसंगै भावुक बन्दै गैरहेका देखिन्थे उनी......। बुद्ध जन्मभूमिको यो दृष्यबाट उनको अन्तर मनभित्र रोदनका अनेकन भावहरू तरङ्गीत हुन पुगेको, उनको अनुहारले स्पष्ट संकेत दिइरहेका थिए । औपचारिकता निभाउन मात्र प्रतिउत्तरमा ..........सांकेतिक अर्धमुस्कान......फर्काउदै थिए महासचिवले । तत्कालिन राजा महेन्द्रबाट निर्माण गरिदिएको राजकिय बिहारको अवलोकन गरियो । मुहारमा मलिनता त कायम थियो नै । यसको बावजुद भिक्षु अनिरूद्रको भयरहित । प्रस्तुती र दोश्रो विश्व युद्धताका सिकेको बर्मीभाषाको शुद्धवाचन शक्ति को व्याख्याले.... ऊ थान्त प्रभावित देखिन्थे । अवलोकनको क्रममा मायादेवी मन्दिरको प्रांगनमा पुगियो । अशोक स्तम्भको परिक्रमा पश्चात् डण्दवत गरियो । स्तम्भ अभिलेख बारे जिज्ञासा राख्दा, भिक्षुबाट व्याख्या गरिए...। लुम्बिनीको प्रत्येक वस्तु वस्तुमा मानौं आफ्नो भावनात्मक सम्बन्ध रहेझैं नियाल्दै थिए उनी.. ....।....... प्रत्येक पाइला सावधानी र सतर्कता साथ अगाडि बढाउदै थिए, ताकि कतै कुनै पवित्र वस्तुमा आफ्नो पाउँ नपरोस् । मायादेवी मन्दिरको माथी उत्तरपूर्वी दिशाको प्राङ्गण बिच उभिन पुगे ऊ थान्त.....।..... चारै तर्फको छरपस्त भग्न अवशेषतर्फ संकेत गर्दै लुम्बिनीको वास्तविक वस्तुस्थितीको चित्रण भिक्षुबाट गर्दै थिए ।......ऊ थान्त क्षण प्रतिक्षण गंम्भिर र भावुक बन्दै थिए । लुम्बिनीको कारूणीक दृष्यले.......आँखा उनको सलबलाई रहेका थिए । ........ मनभित्रको अन्तरस्कन्धमा उठेका तरंगहरू..... लुम्बिनीको दुर्दशाले झन झन् ....... तरङ्गीत हुदै थिए......... रोक्ने प्रयाश गरिएको देखिन्थ्यो उनले...। तर ......सकिएन, ।... । अन्तत.... आँसुका धारा बहन थाले.....।

चश्मा फुकालिए...... आँसु पुछे पुन: चश्मा लगाइए । आँसुले पखालिएको आँखाले पलक्षण शितलताको महशुस पनि गर्न पुगे होलान् । ऊ थान्त गम्भीर मुद्रामा देखिन्थे.....लुम्बिनीको वस्तुस्थिती तर्फ पुन: एक दृष्टि लगाए.....। किन हो किन एकाएक मन जाग्रीत अवस्थामा देखिन थाले..... मलिन अनुहारमा उत्साह थपिए........ दृढ इच्छाशक्ति सलबलाए.... संकल्पतर्फ उन्मुख हुन थाले......। खरको जंगलले ढाक्ने प्रयाश गर्दै गरेको लुम्बिनीको स्वरूप

उनलाई प्रिय थिएन ।......

मायादेवी मन्दिरको प्राङ्गणमा उभिदै थिए उनी...। लुम्बिनीको चारै दिशा तर्फ पुन: एक पटक नियाल्दै ऊ थान्त श्रद्धेय भिक्षु तर्फ फर्कदै भन्नथाले-" बुद्ध जन्मभुमि लुम्बिनीको विकाशको लागी केही पहल गर्ने छु......यो मेरो नैतिक दायीत्व भित्र पनि पर्दछ..... म भित्री हृदयदेखि नै संस्कारित एउटा बौद्ध पनि हुँ... । यस पवित्र भूमिमा आउन पाउँदा म आफूलाई धन्य सम्झन्छु..........आज मेरो जिवनको लक्ष्य पुरा भयो ......धन्य छ यस नेपालभूमिलाई ......लुम्बिनी भूमिलाई..... जहाँ भगवान बुद्धको जन्म हुन पुग्यो... ।... ।"

छोटो समयको लुम्बिनी बसाईमा तत्काल भिक्षुको लागी केही सहयोग गर्ने ईच्छा जनाए..... तर, श्रद्धेय भिक्षुले लुम्बिनीमा पानीको ठूलो संकट रहेकोतर्फ इङ्गीत गर्नु भयो ।

व्यक्तिगत स्वार्थबाट मुक्त भिक्षुको विचारबाट.... ऊ थान्त अत्यन्तै खुसी हुनु भएको देखिन्थे । तर पनि केही दान दिने कार्य गरिसकेपश्चात्लु म्बिनीलाई आफ्नो हृदयभित्र समेट्दै बाई बाई गर्दै यान तर्फ लागे ।

यसर्थ, तत्कालिन संयुक्त राष्ट्र संघका महासचिव ऊ थान्तको प्रयासपश्चात् लुम्बिनी क्षेत्र अन्तर्राष्ट्रिय परियोजनाको रूपमा रूपान्तरण हुन पुगे । आजको लुम्बिनीको स्वरूप ऊ थान्तको परिकल्पना थियो । बुद्धको जन्मस्थल लुम्बिनी, नेपालीहरूको गौरवमयी बिषय हुदाँ हुदै पनि अन्तरहृदयदेखि नै सत्तासिन नेता तथा राजनेताहरूले बुद्धधर्म र बुद्धको जन्मस्थल लुम्बिनीप्रति बक्रदृष्टिले हेरिने गरेको कटु यथार्थलाई हामीले स्वीकार गर्नु पर्दछ । विश्वका बौद्ध समुदायहरू सचेत छन् र यस विषयलाई महशुस गरिरहेका पनि छन् । समुचित विकाशमा भन्दा राजनैतिक भागबन्दामा अल्झीएको छ लुम्बिनीको वास्तविक यथार्थ । तसर्थ, लुम्बिनी तथा समग्र त्यस क्षेत्रको छिटो भन्दा छिटो स्वच्छ बिकाशका लागी......बौद्धमय वातावरण बनाउनका लागी.....नयाँ परिवेशमा..... नयाँ सकारात्मक सोच र नयाँ जाँगरसहितको बौद्धभावनाबाट उत्प्रेरित पुन: एक महान बौद्ध व्यक्तित्वको आवश्यकताको कमीलाई आमबौद्ध समुदायहरूले महसुश गरिरहेका छन् ।

◆

## कुशल धर्म:

१) प्राणी हिंसा हुने, प्राणमा आघात पुग्ने काम नगर्नु ।
२) अर्काको शुभ र लाभमा हानी नगर्नु ।
३) काम मिथ्यामा (व्यभिचारमा) नलाग्नु ।
४) असत्य, मिथ्या व्यवहारमा नलाग्नु ।
५) अप्रमादी भई प्रशंसा गर्न योग्य कुरोको मात्र प्रशंसा गर्ने भई झूटो प्रशंसामा नलाग्नु ।
६) अरुको सेवा (परोपकार) गर्नु ।
७) सबैसँग मैत्रीपूर्ण व्यवहार गर्नु ।
८) सारयुक्त कुराहरूमा मात्र चिन्तन-मनन गर्नु ।
९) सत्य, यथार्थको खोजमा लाग्नु ।
१०) कुनै पनि कुरामा अनाशक्त भई उपेक्षा गर्न सक्नु यही नै कुशल धर्म हो ।

*साभार : बुद्ध र उहाँको धर्म*

# कपिलवस्तुस भगवान्-२



✍ चित्तधर हृदय

"थुगु भचा भपि थुगु भचा" धाधां तयां च्वन मह्रिक,
"गात गात" धका सुनीन्द्र पिण्डपात्रं तीजक ।
ल्हा: लिकायूवं कनककलशं शीघ्र वैत नुचाय्कल:
भिक्षुपिनी नं सिधल भोजन अमित नं नुसिका: बिल ।
ब्याक्क चिप अन सुचुक्य धुंका: धर्मया बाखं कनं
पुत्र राहुलभद्र सहित यशोधरा मखना: अन
थ: मनं ध्वीका: कया: सहधर्मिणीया कामना
सारिपुत्र व मौद्गलायन नाप थ: बौ नं ब्वना:
अन्तपुरस बिज्यात भगवान् थुलि बिया: शुभ सूचना-
"राजपुत्रीयात गँन्य मत्य यत्थ्य याक्यब्यु बन्दना"
पतिवियोगं भोग तोता: ब्रतस च्वंम्ह तपस्विनीं
श्रमण रूपे खन्यव स्वामी स्तब्ध जुल घौ पलख निं।
वैगु मनया मन्दिरे दुन्य च्वंम्ह द्योया विपरित
रुप खन काषाय वेष्टित केश नांप मुण्डित ।
मुकुट, कुण्डल, रत्नमाला आदि छुं हे मदु तिसा
खन्यदु अयनं थीगु जिगिजिगि मुखछबिं भिगुलिं दिशा।
दय्‌व मदु कौशेय सुन्दर वस्त्र देहे छुं छकू
किन्तु चीवरया प्रभावं भक्तिया उद्रेक जू ।
थ:गु हृदयं सत्यया अत्यन्त निर्मल न्हाय्‌कने
स्वेव खन वं भेद केवल वस्त्र वा आभूषणे ।

अल्य हथासं पालि भोपुल भ्वाक्क गोपां ब्वां वया :
अश्रु हाय्‌का: तुति सिका: च्वन थ:म्ह प्राणाधारया ।
किन्तु अनुभव वैत जुल छुं ज्वलित द्रव्य थियागु थें,
बा अलौकिक देबताया वन्दना यानागु थें ।
"मुक्क जिगु जक मखुत थेंआ: जुल ध्व मंका: विश्वया"
थुगु विचारं दन व हानं लिचिल भति भसुका: तया: ।
गुगु मने आशा कया: वं च्वंगु ख: जीवन हना:
हा व हे आशा निराशाय् पूण परिणत जू खना:
स्वजक वं तुलु तुलु स्वया: च्वन मूर्ति थें च्वं शोभन
वैगु केवल अश्रुधालं सीदु जीवन-लक्षण ।
शाक्यपति शुद्धोदनं कन वैगु गाथा स्नेहया
दिव्यगुणया हृदय-पुखुलिं च्वंगु मह्रिक न्ह्या:वया:
"जिमि भौ गोपाया गुणया जिं याय्‌मफु सुन्दर वर्णन
छलपोलं चीवर त्यगु सिया: ध्वं नं तिल हे भगवन् !
माला गन्ध व चन्दन तोतुगु सीका: तोतल ध्वं नं,

नैगु छ्छाः जक धाःगु खँ न्यन्यवं नैछाय् थ्वं जक हानं उच्च सयन तोताव बिज्यायुवं तोतल खाताय् घन्य नं, गुलि सः तक्य है थःछ्यैं मांम्हं अयूनं गबलें ध्व मवं, भवने च्वंसां तापस-व्रतया पालन यानाः च्वन थ्वं आः छलपोलं उपदेश बियाः शोक फुकाब्यु ननानं"

(जाति २८ मात्रा)

धर्मराजं वैत बिल उपदेश नाना धर्मया त्यगयागु पुराणया दृष्टान्त यक्व बियाः बियाः । बेग छुं पाःज्वीव मनया जुल व गोपा संयत, अल्य अनं न्यग्रोध आरामे बिज्यात तथागत । कंस खुनु हानं बिज्यात मुनीन्द्र भिक्षा कायत, वैगु दर्शन याः वयाः च्वन शाक्यपुरया ल्याय्म्हत । किन्तु नन्दकुमार भार्या सुन्दरी नांप च्वनाः वैत छाय्प्यत छिंक मणिमय चु दुगु न्हायूकं च्वन क्यनाः "का मखुथ्य जुल ल्हाः प्वनं ल्याहाँ बिज्यात तथागत वल अज्याथाय् सेविका छम्ह ज्या हथाय् थें हतपत आः छुयायुगु कुमार ?" धाधां न्ह्योन्य भ्वाताहाँ दन । "जिं वनाः थत्थें ब्वनाः हय्" थुलि धयाःब्वां वन्य त्यन । सुन्दरी ख्वल "नाथ गय् छ्वे ! अग्नि सम भगवान् दुथाय् हाय प्रेम-पपू भनाःवनि त्यागया ज्वालां कयाः" थः कलातं गंक गंकं "सत्य याकन वे" धका वैत ह्येकाः ल्वेक छपता मेगु ह्याउँ सिन्हः तिकाः ल्यंगु पचिने च्वंगु सिन्हलं थःगु ल्हाःते भति किकाः वन व "थ्व सिन्हः गन्य मलाकं सो प्रिये जि लिथ्यनि" धका थः क्वथां प्याहाँ वन्यत वं स्वत छको हानं लिफः, धन्य अमि आदर्श निश्चल प्रेमया क्वातगु खिपः ।

लं छको नं थँस्वत भ्याले, क्वस्वत ल्हाते तीजक लुमन-गुरुवर दाजु गौतम भिक्षुगणया नायक । खन थुख्यर अनुराग हार्दिक उख्यर कुलया गौरव प्रेम लोमन पलख दाजु व थःगु लुमनाः शैशव- "नाप नापं निम्ह धुले लाःसां म्हिताः गुलि ब्वांजुयाः थः मदुगु छु वस्तु दाजुं क्यन्यव गुलि ल्वानाः जुया, थौ वहे दाजुं जिथाय् फ्वंवःगु !" थुलि चिते लुयाः लँ वँ वं वं खन व दशबल तःम्ह लोकं तो पुयाः । वन्दना यानाः गुलिं वन, बिन्ति यानाः च्वन गुलिं, च्वन गुलिं तुति भोपुयाः सबज्ञयात चुयाः पुलि । वं मने तल- "वन्यगु ल्याहाँ नाप लानाः याकन" किन्तु अन ल्हाःया सिन्हः नं गनिथ्यगनिथ्य च्वनाः वन
,

"सत्य याकन वे" धका यानाः वयागु प्रणं चिनाः वन्यत स्वेवं लुमन-ल्यंदनि दाजुया अभ्यर्थना । लिचिल हानं दन व अन हे स्वत छको मो ज्यनिनला ! भं व मोलं वैगु ज्वीकल कल्प थें छपला पला । वैगु आशा थें भचा जक दनि सिन्हःया तल तल ! हाय अय् थय् यायुगु मसियाः "फूक" वं भंसुकाः तल । छु समय जायूकाः भचा मो ज्यन्यव नन्दं ब्वांवनाः यात पाली भोपुयाः ल्याहाँ बिज्यायगु प्रार्थना ।

"म्वाल आः थौंयात भिक्षा, नन्द ! सो गाय् धुंकल" धाय्व भगवानं वया मन गृह लुमंकाः चञ्चल- जूगु सीकाः "ना" धका गुलुपाः ह्थासं ज्वंकल, उख्यर जनतायात थःमं अमृतवाणी न्यंकल । वैगु मन गुलुपाः ज्वना नं सुन्दरीया थाय् जक । अश्र ज्वेकाः "नाथ गयूछु ?" धाःगु थ्व खँ लुमनाः फुक ।

धर्मया शिक्षा सिधय्का: नन्द नं नापं व्वना:
बोध बिल श्री जिनवरं न्यग्रोघ आरामे यना:
"सुन्दर स्वांमा: यइपुस्य च्वंसां पुयुव निभालं गनिगु सुखू
बल्ला: बांला:पिं प्राणीपिं स्वीतं कालं तैगु मखु ।
हाय गज्या:गु थ्व छंगु अवस्था छाय् छ अधीर जुया नन्द !
पीर क्या: च्वन गुकिया निति व स्वप्न स्वांया मकरन्द !
सीमखु थें छोमी घ्यो लूसां भोगं ज्वीमखु सन्तुष्ट,
प्रेम समानगु मदु बन्धन छुं मदु रोग जरा सम दुष्ट"
तृष्णा थें वेगवती धारा मदु न्हां जगते छु मेगु,
दाजु जुया: जिं थ्वेगुन तोता: किजा जुया गय्‌छ मवेगु?" (३० मात्रा)
दाजु गौतमयागु थ्व बचन हीमछाला: "ज्यू" धया:
स्थविर मुनी वैदेह द्वारा धर्मया दीक्षाकया :
रत्नया आभरण, सुन्दर पाटवस्त्रत वांछव्या:
तीत तिल वं चीवरं अन किन्तु मनला छ्यूँ या: ।

हाकनं छन्हु राजभवने शाक्यमुनि पाहाँ जुया:
आश्रमे ल्याहाँ बिज्यायत संघपिं ल्यू ल्यू तया:
लैं बिज्याना: च्वंगु खन्यव यशोधरां झ्याले च्वना:
पुत्र राहुलयात स:ता: धाल अमित क्यना: क्यना:-
तारागणया मध्ये शशि थें,
धर्म-सैन्यया सेनापति थें
भिक्षुसंघया न्ह्यो न्ह्यो व:म्ह
सीकि पुता ! छं छंबौ हूंम्ह ।
बसन्त ऋतुया मारुत-ध्वाँय् थें,
सुन्दर स्वांया सोरभ न्हया: थें
श्रावक गणया न्ह्योन्ह्यो व:म्ह
सीकि पुता ! छं छंबौं हूंम्ह ।
कय्‌कुगु बालायागु च्वका थें,
इन्द्रियया न्हापा मन ब्वा:थें
सौगत गणया न्ह्यो न्ह्यो व:म्ह ।
घच्चाया न्ह्यो घम्मा: वै थें,
सुकातिया न्ह्यो न्ह्यो मुलु न्हया: थें
पुदल गणया न्ह्यो न्हयो व:म्ह
सीकि पुता ! छं छंबौ हूंम्ह ।

उत्तम बोधिब्रतया मूल
समाधि, प्रज्ञां लिचका: शील
वैं थें सकस्यां न्ह्यो न्हयो व:म्ह
सीकि पुता ! छं छंबौ हूंम्ह ।
क्षमा दयाया ख्वा: थें ज्या:म्ह,
दु:खी जनया त्वाय् थें ज्या:म्ह,
दकले अ:पुगु न्हूगु लँ क्यंम्ह
सीकि पुता छं छांबौ हूंम्ह !
फया: निपा ल्हा:धा:हुँ पुता ! छं
'महाश्रमण हति अंश जित: नं'
यक्व रत्न धन, सम्पद थूम्ह
सीकि पुता ! छं छंबौ हूंम्ह ।" (जाति १६ मात्रा)
थुलि धया: काय्‌यात जिगिजिगि च्वंक छाय्‌पा: क्वच्छुना:
छ्यूँ छको नतुना: उकी पुत्रं मखंक ख्वबि लुना:
थ:मिखा याकन हुया: प्रिय पुत्रया ख्वाले छको
थ:गु ल्हा: निप्पां तया: वं स्वकल थ:थाय् तीजक ।
अश्रु भय्‌बिल, खनिन कायं हाकनं साला: कया:
घयपुना: फुति निफुति हाय्‌का:उख्य स्वका: ब्वहले पिया:
छ्वत "पुता ! याकन हुँ खंला हुंम्ह छंबौ" थुलि धया:,
धन्य मातृहृदय ! छुधाय् जिं छंगु निर्मल स्नेहया !

पुत्रया निंति शरीर व प्रण नं वांछूवगु खं
किन्तु याक:काय गनं थय् वा:गु सुं मामं मखं,
गुलि थ्व अद्‌भुत भावना सो भा:त नापं दुगु मखु
थ:त सुख दुख न्ह्याग्गुं जूसां पुत्रया मङ्गल थजु ।
वन व राहुलभद्र नं भगवान् दुथाय् तिंतिं न्हुया:
"अंश ब्यु जित:" धाल अति ह्रिसिदयक वं अन ल्हा: फ्या: ।
"मेगु पार्थिव धन जिके मदु बोधि-धन योसा पुता ।
वा जि नापं अंश जक मखु दै वया संपूणता"
थुलि धया: काय् ल्हा: ज्वना: सुगतं विहारे यंकल,
कैत भिक्षु छुना: "मसी तल्य वन्य जि त्रिशरण" धायूकल, ।
नन्द राजकुमार जक मखु पौत्र गहुलभद्र नं
भिक्षु छ्वीयन धा:गु सीका: शाक्यपति शुद्धोदनं
मनस अति हे दु:ख ज्वीका: शाक्यमुनिया सम्मुख
ब्वां वना: वं धाल "भगवन् ! पुत्र छ:पिं जुजु जि ख:
छ:पिसं संन्यास काय्वं जिगु नुग:गुलि ख्व:गु ख:
नन्द, राहुलयागु त्यागं मेगु निदुगं जुल दुख ।
बिन्ति थुलि जिगु-माम बौया मत क्या: जक भिक्षु या"
"ज्यू" धका उखुनं निस्यं हे विनय दयूकल संघया ।
थ:गु उगु अनुरोध बुद्धं न्यंगुलिं हर्षित जुया:
वन व शाक्यनरेश ल्याहाँ थ:गु राजभवन स्वया: ।

थुगु प्रकांर कपिलवस्तुस मेगु नं छुं दिन च्वना:
धर्मया उपदेश याना: धर्मराज अनं वना:
संघ सहित अनूपियाया आम्रवनस च्वना: च्वन :
उख्य व हे समये कपिलपुरया कुमारत खुम्ह अन
वे धका नापित उपाली लिस्य वया: च्वन लें अपिं
किमिल, भृगु, अनिरुद्ध, भद्रिय, देवदत्ताSS नन्दपि ।
"छ्वीत आ:मा: भ्फीत थ्व तिसा !" धैगु अमि सल्हा: जुया
पो चिना: ज्वंकल उपालीयात तिलहिल फुक त्वया: ।

धाल "यंकि तिसा उपाली ! जन्मका:छि नयूत गा:"
वँन अपिं फुक अमृत माल्यत त्यागयागु पुला: जगा: ।
वल मने उम्ह नौ उपालीया अनं ल्याहाँ व वं
"शाक्यतय् अति तं मभिं 'जि स्यात ज्वी थ्व कुमारपिं'
धैगु आशंकां जित: नं स्याइ अमिसं निश्वय,
मेगु हानं नृपकुमार अपिं जुया नं मणिमय
दिव्य भूषण खै, न्हि वाय् थें त्याग याना: वन फुक
छाय् व हे धन ग्रहण याना: नीचता याय् जिं जक"
उगु तिसाया पो सिमाय् खाया: उकी वं थ्व खँ च्वया:-
"मखु थ्व स्वीगुं येपिसं का" वन व अमिगु पला: स्वया: ।
थ्यन अपिं सकलें सुगतया न्ह्योन्य जापं हे अन,
वन्दना याना: कुमारपिसं थ्व यात निवेदन-

"शाक्यकुलमणि ! शाक्यपिं अत्यन्त अभिमानी उकी
थ्वैत भिक्षु छुना: बिज्या:सा थ्वैत अनियाय् मा:गुलिं
मान ब्याक्क मनं तना: वनि 'शाक्य भ्फीपिं' धैगु थ्व"
"ज्यू" धका नौयात निं छुत बुद्धदेवं भिक्षुक ।
शाक्य राजकुमारपिं फुक भिक्षु छ्वी धुंका: अनं
चारिका यायां ह्वला सद्धर्म- सौरभ सकभनं
राजगृह नगरे बिज्यात ससंघ सुगत तथागत
उगु दँ वर्षावास अन हे ला प्यलातक यायत ।
(सुगत-सौरभ महाकाव्यया कपिलवस्तुस भगवान्
धैगु भ्फिँनिगूगु सर्ग सिधल ।
नेपाल सं. ६४ साल बछ्ला )

◆

# लुम्बिनी पुनरुद्धार प्रसंग - २



रत्नसुन्दर शाक्य

भिक्षु धर्मालोक स्थविरं लुम्बिनी थ:गु न्हापांगु प्रबाशया अनुभव थुकथं च्वया विज्यागु दु -

"जि अन खुला च्वना । यात्रीत व दर्शकतयेगु लय्ता स:या नापं "तर ......." धैगु शब्द फुक्कसियां म्हुतुं पिहाँ वगु न्यना । छम्ह-छम्ह यात्रीं छगू-छगु रुपं धा:वई ।

यथा-

I. "भन्ते ! तथागत जन्म जुगु थासय् छुं मदयधुंसां थन थ्यनेवं छगू अपूर्व सुख तथा संवेग उत्पन्न जू ।"

II. "भन्ते ! लँ द्वना साप हे कष्ट नया वया । मखुसा म्हिग हे थ्यनीगु । तर लँ द्वंगुलिं थौं तिनि थ्यन ।"

III. "भन्ते ! का छलपोलथें जापिं छम्ह निम्ह च्वना थनया सेवा याना याकनं यात्रीपिन्त सुविस्ता बी माल ।"

IV. आदि आदि । थुगु हे प्रकारं फुक्कं यात्रीपिसं खँ ल्हा वइ । हिन्दी भाय् मस:पिसं हावभाव नं थ:गु मनया खँ कनी । विशेष याना लँ या खँ न्हिमथपिं भिम्हे छम्ह हे मदु ।"

ध्व खुलाया दुने वसंपोलं बु.सं. २४९६ या बैशाख पूर्णिमा (२७ बैशाख २००९- ९ मई १९५२) वसपोल व अनया चौधरी शिवनारायण प्रसादया विशेष कुतलं नापं तौलिहवाया जनतापिनिगु गुहाली अभूतपूर्व एवं ऐतिहासिक रुपं सम्पन्न यागु जुल । उगु वैशाखपूर्णिमायात धर्मोदय-सभाया उप सभापति भदन्त आनन्द कौसल्यायन कलकत्तानिसें विज्याना उपस्थित जुया विज्यागुलिं उत्सवया रोचकता भव्य रुपं जुल । थुगु उत्सवस भिक्षु चुन्द (उपसम्पदा-वि.सं. २००४) नं बुटवलया आपालं उपासकोपासिकापिं नापं ब्वना विज्यागु ख ।

लुम्बिनी थुकथं भव्य रुपं बुद्ध जयन्ति मानेयागु दुसा थुखे राजधानी (यें) नं आनन्दकुटी विहारय् श्री ५ महाराजधिराज त्रिभुवन वीर विक्रम शाहदेव (अवलेया श्री ५ युवराजधिराज महेन्द्र वीर विक्रम शाहदेवया नं उपस्थिति दुगु) याहे सभापतित्वय् वृहत रुपं सभा सम्पन्न जूगु ख:। अवले धर्मोदय

सभायापाखें सभाया प्रधान सचिव भिक्षु अमृतानन्दं माननीय रक्षामन्त्री श्री केशरशम्शेर व वनविभागया उपमन्त्री श्री धर्मरत्न यमि नं उपस्थिति दुगु उगु सभाय् लुम्बिनीया अवस्थाया बारे चर्चा यासें "लुम्बिनी धर्मोदय-सभायात ब्यु" धका नेपाल सरकारयाके अनुरोध यासे निम्न प्रस्ताव पेश यागु ख: -

"विश्व बौद्धया दथ्वी नेपालया इज्जत व प्रतिष्ठा बढे यायेया लागी, मेमेगु बौद्ध तीर्थस्थानया ताथले थ्यंकेया निर्तिं, नेपाल राज्यया पश्चिम तराई लुम्बिनी उपवनस्थित लुम्बिनी (रुपन्देवी) मन्दिर व उकिया उपचार भूमि समेतया पूर्ण अधिकार धर्मोदय-सभायात लव ल्हाना बिव धका बुद्ध सम्वत् २९४६ बैशाख-पूर्णिमा महोत्सवया उपलक्ष्यस धर्मोदय-सभाया तत्वावधानय्, धर्मोदय-सभाया संरक्षक श्री ५ त्रिभुवन वीर विक्रम शाहदेवया सभापतित्वस, आनन्दकुटी विहारस जूगु थ्व सार्वजनिक सभां नेपाल सरकारया नायो श्री ५ महाराजधिराज सहित वसपोल अन्तरिम सरकारयाके सविनय प्रार्थना याना च्वना।"

श्री फत्तेबहादुर सिंहजुं उगु प्रस्तावयात समर्थन यासेलिं उगु प्रस्ताव सर्वसम्मतं पास जुल।

अनंलि सभापतिया आसनं भाषण यासें श्री ५ महाराजधिराजं थ:गु मन्तव्य प्वंके धुंका धर्मोदय सभां पेश यागु प्रस्तावया बारे विचा याये धका धया विज्यागु ख:।

लुम्बिनीया पुनरुद्धार यायेगु बारे धर्मोदय-सभाया पाखें वंगु निवेदनया बारे विचार या:से २ श्रावण २००९ स नेपाल सरकारं (मातृकाप्रसाद कोइरालाया सरकार) खुम्ह व्यक्तिया छगू कमिटि दयेका उगु कमिटियात लुम्बिनीया सम्पूर्ण अधिकार बीगु निर्णय जूगुया सूचना धर्मोदय-सभाया प्रधान सचिव भिक्षु अमृतानन्दयात वगु अनुरुप १० श्रावण २००९ कुन्हु धर्मोदय-सभाया बैठक श्रीघ: विहारस च्वना धर्मोदय-सभायापाखे स्वम्ह सदस्य तइगुलिं भिक्षु अमृतानन्द, भिक्षु महानाम व मणिहर्षज्योति तयेगु निर्णय यागु जुल।

नेपाल सरकारया निर्णय कथं (आदेशानुसार) लुम्बिनी उपवनया जीर्णोद्धारया निर्तिं धर्मोदय सभा पाखे स्वम्ह, भैरहवाया वडा हाकिम छुम्ह, तौलिहवाया बडा हाकिम छम्ह व स्थानीय व्यक्ति छम्ह याना खुम्हेसिगु "लुम्बिनी धर्मोदय समिति" स्थापना जुल।

प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाया सरकारं भिक्षु महानामयात लच्छिया कम्पनि ३० तका व मोह ३० तका, अर्दली निम्हेसित म्हतिं १५ तका कम्पनि व १५ तका मोह: या व्यवस्था यानाबिल। मायादेवी मन्दिरया पुजारी छम्हेसित नं लच्छिया कम्पनि १५ तका व मोह १५ तका विइगु व्यवस्था याना ब्युगु अनुरुप भिक्षु महानाम निम्ह अर्दलीत नापं लुम्बिनी च्वविज्यागु जुल।

"लुम्बिनी धर्मोदय समिति" या न्हापांगु बैठक १ फरवरी १९५३ अर्थात् १९ माघ २००९ कुन्हु लुम्बिनी वनय् हे च्वन। उगु समितिया पदाधिकारीपिं थुकथं जुल -

१. शेरबहादुर शाही भैरहवाया बडाहाकिम् सभापति

२.भिक्षु महानाम धर्मोदय सभा मन्त्री

३.अनिरुद्र प्रसाद सिंह तौलिहवाया बडा

हाकिम सदस्य
४.भिक्षु अमृतानन्द धर्मोदय सभा सदस्य
५.मणिहर्षज्योति कंसाकार धर्मोदय सभा सदस्य
६.चौधरी शिवशरण प्रसाद स्थानीय व्यक्ति सदस्य

थुगु न्हापांगु बैठकय् विशेष निमन्त्रणा जुया विज्यापिं थुकथं खु:

१.पूज्य चन्द्रमणि महास्थविर धर्मोदय सभाया सभापति
२. भदन्त आनन्द कौशल्यायन धर्मोदय सभाया उप सभापति
३. भिक्षु धम्मालोक स्थविर धर्मोदय सभाया उप सभापति
४. भिक्षु चुन्द

थुकुन्हुया बैठकं अनेक उद्देश्य प्रस्तुत यासें पदाधिकारी गणया क्रमय् भिक्षु ऊ चन्द्रमणि महास्थविर व भदन्त आनन्द कौशल्यायनयात धर्मानुशासकया रुपय् नियुक्त यातसा भिक्षु धम्मालोकयात लुम्बिनी उपवनया नैवासिक भिक्षु याना तयेगु निश्चय यात नापं अनेक प्रस्तावत नं प्रस्तुत यागु जुल ।

थुकथं भिक्षु धम्मालोक लुम्बिनी खुला च्वना विज्याय् धुंका वि.सं. २००९ सालया वर्षावास आनन्दकुटी विहारय् वितय् याना २०१० सालया वर्षावास हानं लुम्बिनी उपवनय् हे बितय् याविज्यात ।

वि.सं. २०११ साल (बु.सं. २४९८) या बैशाख पूर्णिमाया दिनय् "लुम्बिनी धर्मोदय समिति" या प्रमुख भिक्षुपिं स्वम्हं (भिक्षु धर्मालोक स्थविर, भिक्षु अमृतानन्द व भिक्षु महानाम) बर्माय् विज्याना च्वंगु खः। वसपोलपिं १७ मई १९५४ वा २४९८ औं बैशाख पूर्णिमाकुन्हु समुद्घाटन जुगू छटठ् संगायनास सम्मिलित जू बिज्यागु खः । वसपोलपिसं अन २१ मई १९५४ कुन्हु छटठ् संगायनाया संचालक समिति व "बुद्ध शासन काउन्सिल"नापं धर्मोदय-सभाया उपर्युक्त पदाधिकारीपिं वीचय् "धर्मोदय सभा"या गतिविधि नापं "लुम्बिनी"या गतिविधिया बारे नं छलफल व्याकूगु जुल । बर्मा बुद्ध शासन काउन्सिल पाखें धर्मोदय-सभा एवं "लुम्बिनी धर्मोदय समिति" यात थी थी राय वीगुया नापं आवश्यक गुहाली विगु आश्वासन पूर्ण रुपं विया हःगु खः ।

लुमंके बहःजू, थुकि खुला न्ह्यः २५ डिसम्वर १९५३ कुन्हु "बर्मा बुद्ध शासन समिति" या उप सभापति ऊ. थिमौ लुम्बिनी थ्यंक भ्राया "लुम्बिनी धर्मोदय समिति" या अध्यक्ष शेर बहादुर शाहीयात नापलाना लुम्बिनीया उद्धार यायेत न्हापां लुम्बिनीयागु जमानिं थुलि उलिं धैगु नेपाल सरकारद्धारा निर्णय याना विमागु वा काय्मागु सल्लाह विया थकूगु खः । ऊ.थिमौं बर्माया प्रधान न्यायाधिश नं खः । वसपोलया सल्लाह अनुरुप "लुम्बिनी धर्मोदय समितिं" पाखें नेपाल सरकारयाके सुरुइ २५ विघा जमिन, न्हुगू विहार, मायादेवी मन्दिर अशोक स्तम्भ व सिद्धार्थ पुष्करणीया थःगु रेखदेखय् कायेगु ज्या पूवंकल ।

धात्थें नेपालय् लुम्बिनीया पुनरुद्धार प्रसंग अवले निसें बांलाक सुरु जुल गवले धर्मोदय सभां २५०० औं बुद्ध-जयन्तिनापं "चतुर्थ विश्व बौद्ध सम्मेलन"या आयोजना यायेगु ग्वसाः न्ह्यःज्याकल । नेपालय् चतुर्थ विश्व बौद्ध सम्मेलन यायेगु खँ दक्के न्हापां

उटे याम्ह अवलेया प्रधानमन्त्री मातृकाप्रसाद कोइराला पाखें जूगु खः । लिपा थ्वहे खँ यात भिक्षु अमृतानन्द, मणिहर्षज्योति कंसाकार व आशाराम शाक्यपिसं गृहमन्त्री विश्वेश्वर प्रसाद कोइराला लिसेनं सरसल्लाह याना जुजु श्री ५ त्रिभुवन व अवलेया युवराजधिराज श्री ५ महेन्द्र सरकारयात बिन्ति यासेलिं वसपोलपिसं नं सहर्ष स्वीकृति विया विज्यात । अवलय् बर्माय् जुइगु स्वंगूगु विश्व बौद्ध सम्मेलनया आयोजकपिनिपाखें धर्मोदय-सभायात निमन्त्रणा- पत्र थ्यंके वय् धुंगु खः,उकिं प्यंगूगु विश्व बौद्ध सम्मेलन नेपालय् यायेगु प्रस्ताव ज्वना वने न्ह्यो सरकारपाखें पूरा सहयोगया समर्थन प्राप्त याना (क्याविनेटे पास याका) जक भिक्षु अमृतानन्द स्थविर, मणिहर्षज्योति कंसाकार(धर्मोदय-सभाया कोषाध्यक्ष) व मेपिं याना छगू समूह स्वंगूगु विश्व बौद्ध सम्मेलनस प्रतिनिधित्व यावंगु जुल । वसपोलपिसं उक्त सम्मेलनस प्यंगूगु विश्व बौद्ध सम्मेलन नेपालय् यायेगु प्रस्तावयात पास याका ल्याहाँ विज्यागु खः । लुमंके वहःजू, ३-१७ डिसम्बर १९५४ तक्क बर्माया रंगूनय् (महापासान गुफाय्) सम्पन्न जूगु उगु सम्मेलनस श्री ५ त्रिभुवन व प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाया सन्देश नं न्यंकूगु खः गुकि नेपाल सरकारयागु विश्व बौद्ध सम्मेलन सम्बन्धी स्पष्ट घोषणा याना तःगु दुगु खः ।

अफशोच १ बर्माय् स्वंगूगु विश्व बौद्ध सम्मेलन सम्पन्न जूगु स्वला लिपा १३ मार्च १९५५ कुन्हु नेपालया महाराजधिराज श्री ५ त्रिभुवन वीर विक्रम शाहदेव स्वीटजरलैण्डय् वासया विज्याम्ह अनसं केंटन अस्पतालय् स्वर्गवास जुल । वसपोल मदुगुलिं भिक्षु अमृतानन्द स्थविरं विश्व बौद्ध भातृत्व संघया छम्ह संरक्षक जुया बिज्याम्ह जुजु श्री ५ त्रिभुवनया थासय् जुजु श्री ५ महेन्द्र वीर विक्रम शाहदेवयात संरक्षक यायेगु प्रस्ताव "विश्व बौद्ध भातृत्व संघ"या कार्यकारिणी सभाय् पेश यात गुकियात सर्वसम्मतं स्वीकृत यागु जुल ।

जुजु श्री ५ महेन्द्रं अवले भगवान बुद्धया २५०० गू बुद्ध-जयन्ती समारोह माने यायेत आवश्यक लुम्बिनीया व्यवस्था यायेत नेपाल सरकारपाखें पब्लिक वर्क्स तथा संचार विभागया सचिव श्री वेदप्रसाद लोहनीया नेतृत्वय् न्याम्हेसिगु छगू सर्वेक्षण दल लुम्बिनी छ्वया विज्यागु खः । २२ सितम्बर १९५५ कुन्हु यें नं लुम्बिनी थ्यंक वगु उगु सर्वेक्षण दलया मुख्य ध्येय लुम्बिनी छगू बुद्ध मन्दिर (विहार), विश्रामगृह, उद्यान, संग्रहालय आदिया निर्माण यायेत थाय्या सर्वेक्षण यायेगु खः । उगु सर्वेक्षण दलय् धर्मोदय सभाया मन्त्री भिक्षु अमृतानन्द नं विज्यागु खः । मेपिं खः- चीफ इन्जिनियर कर्नेल श्री सूर्यजंग थापा, पब्लिक वर्क्स तथा संचार विभागयाहे श्री मुकुन्दपाणी गौतम (उपसचिव) प्रचार विभागया निर्देशक श्री भवानी भिक्षु, बेतार विभागया निर्देशक श्री पशुपतिप्रसाद शाह नापं सव इन्जिनियर श्री प्रीतमसिंह व सव ओभरसियर रत्नबहादुर नं दुगु खः ।

थुगु सर्वेक्षण वा कमिशन दलयात "लुम्बिनी धर्मोदय समिति" पाखें भव्य रुपं स्वागत याःगु खः नापं छगू सभाया नं आयोजना यागु खः । थुबले "लुम्बिनी धर्मोदय समिति" या अध्यक्ष भैरहवाया

अवलेया बडाहाकिम नरबहादुर गुरुङ जुया च्वंगु खः । वयकया अध्यक्षताय् उगु सभा च्वंगु खः । "लुम्विनी धर्मोदय समिति" या सचिव भिक्षु महानाम "कोविद" सन् १९५४ या मध्यपाखे निसें पक्षाघात जूगुलिं उपचारार्थ लुम्बिनी मजिया कुशीनगरय् ऊ चन्द्रमणि महास्थविरथाय् बिज्याना आयुर्वेदिक उपचार याना कालिम्पोङय् बिज्याना च्वंगुलिं वसपोलया थासय् भिक्षु चुन्दं मा:गु प्रवन्ध याना विज्यागु जुल ।

नेपाल सरकारयापाखें यें नं लुम्बिनी थ्यंगु "लुम्बिनी निर्माण कमिशनं" लुम्बिनी छगू बुद्ध मन्दिर, रेष्ट हाउस व धर्मशाला देयकेत सन् १९५५ या अक्टोवरं ज्या (जग म्हुइगु) सुरु यागु खः ।

लुम्बिनी जिर्णोद्धार सम्बन्धी ज्या च्वयेकेत सन् १९५५ मा अन्तय् श्री ५ महाराजधिराज महेन्द्र या निजी सचिव लोकदर्शन वज्राचार्य, येंया कमिश्नर भूपालमान सिंह, यातायात मन्त्रालयया सचिव सुरेन्द्र शम्शेर, पब्लिक वर्क्सया डाइरेक्टर, भिक्षु अमृतानन्द लुम्बिनी बिज्यागु खः । वसपोल वयकपिसं लुम्बिनीया लँ, बुद्ध विहार, विश्रामशाला, धर्मशालाया निर्माण ज्या इले हे सिधयकेत आपालं प्रयत्नशील जुयाच्वंगु स्वया वगु जुल । थुकिं निला लिपा १९ फरवरी १९५६ अर्थात् ७ फागुन २०१२ कुन्हु स्वयं श्री ५ महेन्द्रवीर विक्रम शाहदेव हे तथागतया जन्मभूमि लुम्बिनी बिज्याना सरकारयापाखें निर्माण जुयावं च्वंगु विहार, धर्मशाला, विश्रामशाला, लँ आदिया निरीक्षण, ताफूया उद्घाटन, महामायादेवी व सिद्धार्थया एवं भगवान बुद्धया पूजा याना बिज्यागु ऐतिहासिक, साँस्कृतिक, धार्मिक महत्वपूर्ण शुभकार्यत बांलाक सम्पन्न जूगु खः ।

थुवले वसपोलयात धर्मोदय सभाया मन्त्री भिक्षु अमृतानन्दं प्राचीन स्थानया परिचय ब्यु ब्युं यंका विज्यागु खः । लुम्बिनीस जुजु श्री ५ महेन्द्रया यात्रा व वसपोलया राज्यकालय् नवनिर्माण एवं जीर्णोद्धार जूगुया स्मृतिस्वरुप तइगु "महेन्द्र स्तम्भ" या नं जग स्वना विज्यागु खः ।

थुखुनु वसपोलयात "लुम्बिनी धर्मोदय समिति" या पदाधिकारीपिसं "अभिनन्दन-पत्र" नं प्रदान या:गु खः उगु अभिनन्दन पत्र "लुम्बिनी धर्मोदय समिति"या मन्त्री भिक्षु महानामं 'कोविदं' जुं ब्वना न्यंका विज्यागु खः अलें वसपोलं हे ल:ल्हाना विज्यागु खः । "अभिनन्दन-पत्र" स्वीकार याना क्या बिज्याय् धुंका श्री ५ महाराजधिराजं लयूता भाषण ब्यूसें वैगु २५०० बैशाखपूर्णिमानिसें प्रत्येक बैशाखपूर्णिमा कुन्हु नेपाल अधिराज्यभर हिंसा कर्म बन्द याकेगु घोषणा याना विज्यागु खः ।

जुजु श्री ५ महेन्द्र लुम्बिनी सवारी जुया विज्यागु च्याला लिपा धर्मोदय-सभाया आयोजनाय् १५- २० नवम्बर १९५६ तक्क चतुर्थ विश्व बौद्ध सम्मेलन स्वनिगलय् दृश्यावलोकन ( प्रतिनिधिपिन्त) समेत सम्पन्न याना समापन समारोह २१ नवम्बर कुन्हु लुम्बिनी यायेगु ग्वसा: अनुरुप ४२ गू राष्ट्रया ५०० म्ह प्रतिनिधिपिंत ( २१ नवम्बर १९५६) कुन्हु हवाइ जहाजं लुम्बिनी ब्वना यंका न्हिनय् विदाइ समारोह सम्पन्न यागु खः । उगु विदाइ समारोहया अन्तिम शब्द

धर्मोदय-सभाया महासचिव श्री आशाराम शाक्यं सकल प्रतिनिधिपिन्त धन्यवाद विया नेपालया प्रेम व मैत्री थ:थ:गु देश वासीपिंथाय् थ्यंकिगु आशा व विश्वास प्रकट यासें सम्मेलन क्वचायेका विज्यागु ख: गुकियात सारा प्रतिनिधि एवं जनतां करतल ध्वनिं समर्थन या:गु ख: ।

उगु प्रतिनिधि मण्डल भैरहवां-लुम्बिनी थ्यंका अन विज्याना च्वम्ह महानाम भन्तेयात नापं ब्वना तौलिहवा वंगु जुल । अनं चैत्र २४ गते गोतिहवाय् वना अशोक-स्तम्भया स्थिति स्वया तौलिहवाया वडाहाकिम नापं मा:गु व्यवस्थाया छलफल याना ल्याहाँ वगु जुल ।

गोतिहवा-अशोक-स्तम्भया निरीक्षण या वंगु टोली सम्मिलितम्ह भक्तकृष्ण (शिल्पकार) उपासक नं ल्याहां वया न्याला खुला लिपा हे वि.सं. २०१४ सालया स्वन्ति (तिहार) धुंका विशेष याना धर्मोदय सभाया महासचिव आशाराम शाक्यया अनुमतिं लुम्बिनी वइपिं यात्रीपिनिगु सेवा नापं लुम्बिनी विकास कार्यस गुहाली यायेत, लुम्बिनी आवासिक रुपय् बिज्याना च्वंम्ह भिक्षु महानाम 'कोविद' यात टेवा (गुहाली) जुइकथं च्वं विज्यागु जुल ।

धात्थें लुम्बिनी दर्शनार्थ देश-विदेशं वपिं ( लंका,बर्मा,थाइलैण्ड,कम्बोडिया,अभ्र यूरोपया थी थी देश जर्मन आदि) उच्च ओहदायापिं यात्रीपिंत समेत उचित सेवा यायां वयक भक्तकृष्ण थ: हे नं बुद्ध-धर्म विस्तृत रुपं अध्ययन यायेगु चाहना याना "बुद्ध शासन काउन्सिल अफ बर्मा" स छात्रवृत्तिया नितिं निवेदन तया दिल गुकियात आशाराम शाक्यया विशेष प्रयत्नं सन् १९५८ या सेप्टेम्बर महिनाय् स्वीकृत नं जुल ।

भक्तकृष्ण उपासक वर्माय् थ्यंका प्रवज्या एवं उपसम्पदा नं प्राप्त याना "भिक्षु सुमंगल" जुया विज्यात । २ अगस्ट १९५९ कुन्हु उपसम्पन्न जुया बिज्या:म्ह वसपोलं नेपा:या वुद्ध-शासन (थेरवाद) य् छु गुलि टेवायाना बिज्यागु दु वला प्राय: सकल सिनं खंगु व स्युगु हे जुल ।

लुम्बिनी पुनरुद्धारया प्रसंग- अन्तरराष्ट्रिय स्तरं जुइगु हेतु अवलेनिसें सुरु जुल गवले संयुक्त राष्ट्र संघया अवले (सन् १९६७) या महासचिव ऊ शान्त लुम्बिनी दर्शनार्थ नेपाल भ्काइदिल । वय्क यात लुम्बिनीस धर्मोदय-सभा या तर्फं भव्य रुपं स्वागत सत्कार या:गु ख:। वय्क: लुम्बिनीं यँ ल्याहाँ भ्काय् धुंका पत्रकारत नापं खँ ल्हासें यक्को दँ न्ह्योनिसें "लुम्बिनी" दर्शन यायेगु चाहना याना तयागु पूरा जुउगुलिं लय्ता वगु व बुद्धया जन्मस्थल लुम्बिनीया विकास यायेगु इच्छा दुगु खँ प्वंका विज्यागु ख: । थ्वहे सन्दर्भय् वसपोलं १३ अप्रिल १९६७ कुन्हु राजदरवारय् जुजु श्री ५ महेन्द्रनाप लाना आवश्यक खँ ल्हाना विज्यात ।

थुलि अवधि तक्क (सन् १९६७) या दुने लुम्बिनी उपवनय् आवासिक रुपं च्वना विज्यापिं भिक्षुपिं पालंपा, गबले निम्ह नं च्वना विज्यापिं भिक्षु धर्मालोक महास्थविर, भिक्षु महानाम महास्थविर, भिक्षु चुन्द महास्थविर व भिक्षु अनिरुद्ध महास्थविर ख: ।

क्रमस:

◆

# भारतवर्षमा बुद्धको इतिहास खोजमा जेम्स प्रिंसेपको देन

सुरेश ज्योती शाक्य

भारतवर्षमा बुद्धको इतिहास खोजमा जेम्स प्रिंसेपको देन
सुरेश ज्योती शाक्य

उस वेला वर्तमान भारत वर्षलाई जम्बुद्विपको नामबाट चिनिथ्यो । सम्राट अशोकको शासन कालमा उस्को साम्राज्य वर्तमान अफगानिस्तान परसम्म पुग्गेको थियो । अशोक सम्राट पछि ५०० वर्षसम्म पनि पुरा जम्वुद्विप बुद्धमय थियो । जुन कुराको अभिलेख र पुरातात्विक प्रमाणले राम्ररी पुष्टि गरेको देख्छौ ।

बुद्धमय भारतवर्षमा हर्षबर्द्धणको साम्राज्य पतन भैसका पछि करिव र 'शदि पछि अनेक सानो सानो ब्राम्हणबादी राज वंश जस्लाई राजपुत भन्ने चलन थियो' उदय भएको थियो । यसै समयताका संकटाचार्यको पनि उदय भएको थियो ।

तथागत बुद्धको तर्क, विचार, प्रयोग, फैसला, समानता, स्वतन्त्रता भाइचाराको भावना आदिमा आधारित विचारधाराले एक थरी मनूस्मृति बादीहरूलाई शुरु देखि नै मन परेका थिएन । यिनीहरू बुद्धको महिमा र विचार धारालाई जसरी भएपनि तोधमोध गरेर संघ परम्परालाई कम्जोर पार्ने पर्खाइमा थियो । किन भने बुद्धको स्वतन्त्र विचार धाराले विना श्रमले मान समान दान दक्षिणा ग्रहण गरी आएको (धामिर्क व्यापारी) वर्गलाई आँच आउन सक्ने कुरा थाहा थियो । यस कारणले ए कथरी भारत वर्षमा बुद्ध, धर्म, संघ परम्परा नासहोस भनेमा लागि परेको थाहा हुन्छ ।

१२ शदिको अंत्यमा बख्तीयार तुगलको आतक र विभत्स हत्याकाण्ड पछि भारत वर्षमा तथागत बुद्धको विचार (धर्म) लुप्त हुनुमा यी कारणहरूले पनि मदत मिलेको थियो । यस पछि जम्बु द्विपको ८० प्रतिसत भन्दा बढी भूभाग मुस्लीम हुकुमतमा परिर्वतन हुन्छ । संस्कृत तथा धार्मिक क्षेत्रमा मुस्लीम संगै भक्ति र विश्वासमा आधारित वैदिक परम्पराको नयाँ रुप हिन्दू धर्मको विकास हुन्छ ।

करिब ७०० वर्षको लामो अवधि पछि भारत वर्षमा प्राचिन धर्म, भाषा, लिपी, तथा गत बुद्ध, अशोक लगाएत मौलिक इतिहास गर्भ गृहमा पुरिन्दै गएको थाहा हुन्छ । यसै डौराणमा प्रमुख बौद्ध मूर्तिहरू, तिर्थ स्थलहरूलाई हिन्दूकरण गर्दै नाम परिर्वतन गरेका धेरै प्रमाणहरू अहिले पनि देख्न सक्छौ ।

जुन गर्भगृह भित्र पुरिएर बसेको तथागत

बुद्ध र अशोकको बास्तविक इतिहास खोतलेर उजागर गर्ने काममा सर्व प्रथम विलायत लगाएत युरोपिएन विद्वानहरूको अथक प्रयासबाट नै भएको हो। यहाँका पंडित, पुजारीहरूले गरेका होइन।

भारत वर्षमा अंग्रेज हुकुमत संगै १८ शदिको अंत्य देखि नै यिनीहरूमा तथागत बुद्ध सम्वन्धी खोजविन गर्ने रुचीको विषय बनेको थियो। त्यस बेला तथा गतको कर्मभूमि भारत वर्षमा अन्धकार युगमा गुज्रिरहेको भएता पनि एसिया कै अन्य मुलुकहरू श्रीलंका, जापान, चीन, बर्मा तिवेत आदि मुलुकमा बुद्धको धर्म र पहिचान फैलिरहेको कुरा अंग्रेजहरू राम्रै जानकार थियो।

यसरी नै स्थानीय जनताहरूमा केही चासोको विषय नभए पनि भारत वर्षको कुना काप्चामा छरिरहेको प्राचिन बौद्ध सम्पदाहरूले यिनीहरूलाई सधै कौतुहलको विषय बनि रहेको थियो।

वास्तविक इतिहास र पहिचान भनेको भावना र विश्वासले पत्ता लाग्ने होइन प्रमाणले पत्ता लाग्ने हो। बुद्धको इतिहास ऐतिहासिक प्रमाणमा आधारित छ। ऐतिहासिक प्रमाण भनेको लिपि, भाषा सँगै बास्तु विज्ञानमा आधारित हुन्छ। यस मध्यमा लिपि र भाषाको ज्ञान नै प्रमाणित इतिहासको मूख्य मार्ग हो। सम्राट अशोक द्वारा तत्कालिन जम्वु द्विपको राजनैतिक भुगोल र तथागत बुद्धको धार्मिक इतिहास धम्म लिपिमा कुडाएका थिए। जुन लिपिलाई अशोक लिपि पनि भनिन्छ। अहिले ब्राम्ही लिपिको नामबाट प्रसिद्ध छ। भारत वर्षकै सबभन्दा पुरानो लिपि यही नै हो।

ब्राम्ही लिपि र त्यसमा उल्लेखित प्राकृत भाषा थाहापाउनको लागि जेम्स प्रिंसेपले २० वर्ष सम्म अथक परिश्रम गरेर पत्ता लगाएको हो। जस कारणले उसको आँखाको रोसनी नै गुमेको थियो। यदी उसले ब्राम्ही लिपिको अध्ययन, अनुसंधान नगरेको भए जुन लिपि सिन्धु लिपि जस्तै अनभित्र हुन्छ होला। तथागत बुद्ध र अशोक पनि राम, कृष्ण जस्तै भावना र विश्वासको भगवान बन्छ होला। यस्ता महान व्यक्तित्व र उसको योगदानको विषयमा केही कुरा थाहापाउनु पनि मंगलको कुरा हो।

जेम्स प्रिंसेपको जन्म सन् १७९९ मा लण्डनमा भएको थियो। उसको बुबा जोन प्रिंसेप विलायतको संसदको सदस्य संगै तात्कालिन इष्ट इन्दीया कम्पनीसित सम्बन्ध भएका एक व्यापारी थिए। हुने विरुवाको चिल्लो पात भने जस्तै उनी सानै बेला देखि नै अभ्ययन अनुसन्धानमा रुची राख्ने निकै दिमाक भएका व्यक्ति थिए। १८१९ सालमा बुबा संगै सबभन्दा पहिला भारत आएर कलकताको तक्सारमा जागिर प्राप्त गरेका थिए। त्यस पछि १८२० सालमा बनारसको तकसार विभागमा प्रमुखको रुपमा काम गरेका थिए। उस बेला मुद्राको दिजायन जेम्स प्रिंसेपबाट नै गरिन्थे। भारतमा अधिकांस जीवन बनारसमा नै विताएका थिए। उस्को जीवन कालमा उनिबाट बनारसमा निकै वैज्ञानिक आविस्कार भएका थिए। जस्तै बनारसको सबभन्दा पुरानो नकशा उसैले

बनाएका थिए । यहाँको मठ मन्दिर जसको तस्वीर उसैले बनाएका थिए । संगसंगै बनारसमा सबभन्दा पहिला जनगणना गर्ने व्यक्ति पनि उनी नै थिए । जेम्स प्रिंसेप इन्जिनिएर खगोल शास्त्री, बास्तुशास्त्री, संगै मुद्रा संग्रहकर्ता र पुरातत्वविद थिए । यसरी उनी बहु प्रतिभासाली व्यक्तित्व थिए ।

सन् १८३३ तिर उनी वनारसमा पुरातत्व सम्बन्धी काम गर्दै गर्दा दिल्लीस्थिल तोपरा स्तम्भलेखमा नजर परेको थियो । जनु स्तम्भ सबभन्दा पहिला १४ शदि तिर सुल्टान फीरोज शाह तुगल शिकार खेल्न आएको बेला वर्तमान हरियाणाको तोपरा भन्ने गाउँमा सुन जस्तै टलक्क टल्की रहेको यो स्तम्भ देखेर आश्चर्य भएका थिए । जुन स्तम्भ के हो? यस्मा लेखेको कुरा के हो ? थाहा पाउनको लागि उस बेलाका नामी पण्डीत ब्राम्हणहरूलाई सोध पुछ गरेका थिए । यिनीहरू कसैले भिमसेनको गदा, यस्मा पाण्डबहरूले गुप्तवासको कुरा लेखेको हुनु पर्छ भनेर फिरोज शाह तुगललाई सुनाएका थिए । यसरी नै एकजना पण्डित ब्राम्हणले यो स्तम्भमा लेखेको कुरा मैले राम्ररी थाहा छ: यस्मा भविष्य कालमा सुल्टान फिरोज शाह तुगल नामका सम्राट आएर यो स्तम्भ हल्लाउने छ भनेर भविष्यवाणी लेखेको कुरा सुनाएका थिए । त्यसपछि फिरोज शाह तुगलले ४२ बटा पाँग्रा भएको गाडा बनाएर रेशम कपडाले बेरेर १००० भन्दा बढी मजदुरहरूलगाएर सुरक्षितका साथ त्यहाँबाट दिल्लीमा लगेर गाडेका थिए । जुन स्तम्भ देखेर फिरोज शाह जस्तै जेम्स प्रिंसेप पनि आश्चर्य भएको थियो । त्यसबेला बनारस नामी नामी ब्राम्हण पण्डितहरूको अखडा थियो । जेम्स प्रिंसेपले पनि यो स्तम्भ र यसमा लेखेको कुरा के हो भनेर यिनीहरू संग सोध पुछ गरेका थिए । यिनीहरूबाट कसैले भिमशेनको गदा, कसैले लाहूरो यस्मा लेखेको कुरा गुप्त वासको कुरा हुनु पर्छ । कसैले शैतानको मंत्र हो भनेर असमर्थ भएको जवाफ फर्काएका थिए । उनीहरूको कुरा सुनेर सुल्टानले जस्तै त्यसै छोडेन । जेन्स प्रिंसेपले निकै मेहनत गरेर गाठो फुकाउने कोसिश गर्दै गए । अनुसन्धानको क्रममा सबभन्दा पहिले पंचमार्क (आहत) मुद्रा संगै सपै भारतीय प्राचीन मुद्राहरूलाई वर्गीकरण गरेर ई.पु. दोस्रो शदि देखि ई.सं. प्रथम शदिको लगभग ३० थरी इन्दोग्रीक राजाहरूको मुद्राहरूको आधार लिएर ग्रिक लिपिबाट धम्भलिपि अनुबाद गरेरक्रमस तालिका बनाएका थिए । इन्दोग्रिक राजाहरूको सप्पै मुद्राहरूमा एकापति ग्रिक लिपि र अर्कापति धम्भलिपि कुनै मुद्राहरूमा खरोष्ट्री लिपि उल्लेख भएको हुन्थ्यो । यसरी जेम्स प्रिंसेपले इनोग्रिक मुद्राको सहयोग लिएर धम्भलिपिको स्वर, व्यंजन पत्तालगाएका थिए । त्यसपछि भाषा केही भने कुरा प्रश्न खडा भयो । शुरुमा जेम्स प्रिसेपले भारत वर्षको सर्वप्राचीन, देवताको पालादेखिको भाषा भनेर सुनाइ राखेको संस्कृत भाषाबाट अनुसन्धान गरेका थिए । त्यसबाट केही उत्तर प्राप्त गर्न सकेन । भाषा विना लिपिको केही महत्त्व हुन्दैन । यस स्तम्भलेखको भाषा के हो भन्नेमा निकै खोज विन गर्नु परेको थियो । जेम्स प्रिंसेपले सबभन्दा

पहिले सन् १८३७ मा साँचि स्तम्भलेख बाट "दान" शब्द पत्ता लगाएका थिए । त्यसपछि "देवान पिय दसि लाजा" शब्द पत्ता लगाएका थिए । शुरुमा देवान पियदसि लाजा भने व्यक्ति तथागत बुद्ध हुनु पर्छ भन्ने अनुमान गरेका थिए । यसमा राजा शब्द जोडेकाले बुद्ध हुन सक्तैन भन्नेमा प्रश्न खडा भएको थियो । त्यसबेलानै श्रीलंकामा उसैको साथी JEORGE TURNOUR ले श्रीलंकाको प्राचीन वंशाबली दिप वंश अंग्रेजी भाषामा अनुबाद गरिरहेको थियो । जुन ग्रन्थको भाषा पालि प्राकृत थियो । यस ग्रन्थमा त्यसबेला जम्वुदिपका प्रख्यात राजा अशोकले संसारमा बुद्धको धर्म फैलाएको कुरा वर्णन गरेको थियो । यसै ग्रन्थको सहारा लिएर भाषा संगसंगै "देवान पियेन पियदसि लाजा" भन्ने व्यक्ति सम्राट अशोक रहेछ भन्ने कुरा प्रमाणित भएको थियो । उस बेलाको भाषा संस्कृत होइन प्राकृत भाषा रहेछ भने कुरा पनि प्रमाणित गरेको थियो । तथागत बुद्ध र अशोक सम्राट काल्पनिक पात्र होइन ऐतिहासिक महापुरुष हो भनेर प्रमाणित गरेको थियो । तोपरा स्तम्भ लेखबाट नै यो लिपी धम्भलिपी हो यो स्तम्भ सम्राट अशोक द्वारा तथागत बुद्धको विचार (धम्म) जन समक्ष पुऱ्याउन लाई गाडेको हो भन्ने कुरा सर्व प्रथम जेम्स प्रिसेपले स्पष्ट गरेका थिए ।

सन् १८३७ मा ASIATIC SOCIETY OF BENGAL बाट धम्भ लिपि (व्राम्ही लिपि) स्वर ब्यंजन सहितको पिका कम समावेस गरेको तालिका प्रकाशण गरेको थियो । जसमा मौर्य सुगं, कुशान, गुप्त, पाल राजाहरूको काल क्रमको लिपिहरू विकास भएर वर्तमान देवनागरी लिपि विकास भएको कुरा राम्ररी देखाएको छ ।

सनर १८३८ तिर नै पाकिस्तान र अफगानिस्तानको वामियान क्षेत्रमा पुरातात्विक सर्भे गरेका थिए । यसैताका जम्बुद्विपको उस बेलाको प्राचीन लिपि खरोष्ट्री लिपि पत्तालगाए तर ब्यंजन सहितको वर्णमान तयार गरेर जनसमक्ष प्रकाशन गरेका थिए । त्यसपछि जेम्स प्रिसेप निकै विरामी भएर आँखाको रोसनी गुमेको थियो । त्यसपछि लण्डन फर्केर उसको बहिनी सोफियाको घरमा सन १८४० अप्रिल २२ तारिकको दिन जेम्स प्रिसेपको मृत्यु भएको थियो । उसको जीवन ४० वर्षको छोटो अवधि मात्र भएपनि संसारलाई अतुलनीय गोग दान दिएर गएको छ ।

त्यसपछि देखि भारत वर्षमा लुप्त भैसकेको अशोक सम्राट लगाएत बौद्ध इतिहास र पुरातत्व विषयमा खोजविन गर्नेमा युरोपियनहरूको चासोको विषय भएको थाहा हुन्छ । त्यस पछि कनिङ्गदम जस्ता नामी नामी विद्वानहरूले जमिन भित्र पुरिरहेको बौद्ध इतिहास र सम्पदालाई खोतल्न निकै मदत पुगेको हो । संगसंगै भारत वर्षमा तथागत बुद्धको धम्भ र अशोकं सम्राटको योगदानको विषयमा पुनर जागरण शुरु भएको हो । जुनको लागि जेम्स प्रिसेपको ठूलो योगदान मानुपर्छ ।

◆

# जयस्थिति मल्ल कालमा बुद्धधर्म र नेपालको स्थिति

✍ तिलकमान गुभाजु

यसै क्रममा एउटा के कुरा उल्लेख गर्नु सान्दर्भिक हुन्छ भने किराँतकालदेखि लिच्छविकाल र मल्लकालको पनि जयस्थिति मल्ल भन्दा पहिलेसम्म बुद्ध धर्म यहाँ राम्रो अवस्थामा थियो। जवसम्म बुद्ध धर्म राम्रो अवस्थामा थियो, तवसम्म नेपाल स्वावलम्बी र समृद्ध थियो, स्वतन्त्र थियो। शासन प्रशासनको निर्णय आफै गर्दथ्यो। कसैको मुख ताक्नु पर्दैनथ्यो। तर जयस्थिति मल्ल यस्तो राजाका रूपमा देखा परे कि उनले आफ्नो राज्यमा आर्थिक, धार्मिक एवम् सामाजिक सुधार के कसरी गर्न सकिन्छ भनी हिन्दूस्थानका पण्डितहरू - कीर्तिनाथ उपाध्याय, रघुनाथ झा, श्रीनाथ भट्ट, महिनाथ भट्ट र रामनाथ झालाई झिकाएर ती पाँच जनाको परामर्शदात्री समिति गठन गरे। त्यही समितिको राय, सल्लाह र सुझाव अनुसार उनले बुद्ध धर्म माथि प्रतिवन्ध लगाए। उनले भिक्षु-भिक्षुणी हुन दिएनन्। भिक्षु- भिक्षुणी भएकाहरूको चिवर फुकाल्न लगाए र उनीहरूलाई जबरजस्ती गृहस्थी बनाए। त्यति मात्र होइन, उनले वर्णाश्रम धर्मलाई कडाइका साथ लागू गर्ने भनेर समानतामा आधारित समाजलाई अनेक जात र जातिमा विभाजित गरेर ती जात र जातिलाई कुनैलाई ठूलो र कुनैलाई सानो, कुनैलाई छुन हुने र कुनैलाई छुन समेत नहुनेगरी छुट्याएर समाजमा भेदभावपूर्ण भावना ल्याए।

उनले सुधारका नाममा ती कार्यहरू गरेका थिए। उनका ती कार्यहरूलाई एकथरी पण्डितहरूले आर्थिक, धार्मिक एवम् सामाजिक सुधारका रूपमा लिएका छन् र ती सुधारका आधारमा जयस्थिति मल्ललाई महान समाज सुधारक र सामाजिक मर्यादा पालक भनेका छन् भने अर्का थरीले उनलाई समानतामा आधारित समाजलाई विभाजन गर्ने, - विखण्डन गर्ने र आपसी एकता टुक्रयाउने अर्थमा लिएका छन्। त्यसरी अर्थ्याउनेहरूले त्यो जातीय भेदभाव ठूलो जात र सानो जात, छुनहुने र छुन नहुने गरी वर्णाश्रम धर्म अनुसार व्यवस्थित गरिएको भेदभावपूर्ण व्यवस्थालाई सभ्य समाजको लागि नसुहाउने भन्दै त्यसलाई समाजकै कलंक समेत भनेका छन्।

केही बौद्धहरूले उनले नेपालका राष्ट्रिय विभूति भगवान बुद्धद्वारा प्रतिपादित बुद्ध धर्ममाथि त्यसरी प्रतिबन्ध लगाएर वर्णाश्रम धर्म लादेको हुँदा उनीमाथि बौद्ध विरोधीको आरोप पनि लगाएका छन्।

अर्कोतिर स्वाभिमानी कतिपय बुद्धिजीवीहरूले जयस्थिति मल्लले त्यसरी विदेशीहरूलाई ल्याएर परामर्श दाताको रूपमा राखेको कामलाई राष्ट्र, राष्ट्रियता र स्वाधीनताको दृष्टिले हेरेका छन् र त्यसलाई राष्ट्रघातको संज्ञा दिएर राष्ट्रको कलंक भनेका छन् । त्यसरी हेर्नेहरूले उनको त्यस कार्यलाई देशको स्वतन्त्रता र सार्वभौमिकता माथि विदेशी हस्तक्षेपकालागि खुल्ला निमन्त्रणा भनेका छन् ।

त्यसबेला उनीहरूको सल्लाह अनुसार सुधारका नाममा यस्तो संरचनाको निर्माण गरियो कि एकताबद्ध र सुदृढ मल्ल राज्य कमजोर हुँदै गयो भने अर्कोतिर साना ठूला कुरामा पनि हिन्दूस्थानीहरूसँग सोध्नु पर्ने, उनीहरूको राय लिनु पर्ने तथा सल्लाह गर्नु पर्ने प्रवृत्ति र मानसिकताको विकास भयो । प्रष्टरूपमा भन्ने हो भने त्यसै बेलादेखि देश परामुखापेक्षी भयो र परावलम्वी भयो । देशमा विदेशी हस्तक्षेप बढ्यो । त्यो हस्तक्षेप बढ्दै के कस्तो अवस्थामा आएको छ त्यो सबैका सामु प्रष्ट छ । देशमा बुद्धधर्मको राम्रो प्रचार-प्रसार भएको बेला देश र समाजको अवस्था के कस्तो थियो र बुद्ध धर्मको पतन गरिएको बेला समाज र जनताको स्थिति के कसरी खस्कदै गयो त्यो कुरा यो सानो विवरणबाट पनि प्रष्ट हुन्छ । त्यसकारण हामीले त्यस्ता कुरालाई विवेकसम्मत किसिमले नियाल्नु पर्दछ र निष्पक्ष मूल्याङ्न गर्न सक्नु पर्दछ ।

◆

## महामानव गौतम बुद्ध ।

✍ न्हुछेरत्न बुद्धाचार्य

सगरमाथा देसया राष्ट्रिय विभूति ।
थ्व ज्ञान भूमिया धरतीपुत्र ।
विश्वया मानवतय्‌गु दु:ख मुक्तयायेत
उदय जुया विज्याम्ह महामानव गौतम बुद्ध ।

'बुद्ध' थ्व- शब्दया महिमा अपार
शाक्य मुनिया बौद्ध दर्शन विश्व शान्तिया महान सन्देश ख:
सदियों निसे व भूमण्डलया खिउँगुलँय्
ज्ञानया ज्योति प्रज्ज्वलन याना विज्याम्ह सर्वोच्च सिद्ध ।

परिवर्तनशील समाजया युगान्तकारी उपकारी मानव
दासयुगे समानताया शंखनाद याना बिज्याम्ह
विश्व शान्तिया महानायक
शाक्य वंशमा ज्योति महाज्ञानी सिद्धार्थ ।

थ्व पुण्य भूमि । थ्व शान्ति भूमि ।
वोधिसत्व बिया विज्याम्ह महान उपदेशक
पञ्चशीलया सुबास छ्रे जुया च्वंगुदु थ्व किवाय्
गन अज्ञानतां घेरे जुया च्वंगु प्रत्येक वस्ती

तथागतया तपस्या । अमिताभया अमरवाणी ।
थ्व नवयुगया आकासे छगू आदर्शया प्रज्ञा ख:
सम्पूर्ण जगतयात सुन्दर शान्त यायेत
हौसला प्रदान याना विज्याम्ह सम्येक सम्वुद्ध

आराध्य अर्हत विया विज्यागु अमूल उपदेश
अन्याय सुनां सहयाई व नं अन्यायी धा:म्ह
थ्व लाखौलाख पीडित मानब तयगु मुक्तिया सन्देश
थौ भीसं थ्व जनयुगें
'बुद्ध' या उपदेश पालनायाना न्हयोने वने ।

◆

# बौद्ध सम्बन्धी सामान्य ज्ञान !

✍ न्हुछेरत्न बुद्धाचार्य

१) गौतमबुद्धको जन्मस्थललाई विश्वभरी चिनाउने उद्देश्यले संयुक्त राष्ट्रसंघले विश्व शान्तिवर्ष सन् १९८३ मा मनाएको थियो ।

२) 'एसियाको तारा' भनेर गौतम बुद्धलाई भनिन्छ ।

३) लुम्बिनीको अशोकस्तम्भ डा. फुहररले पता लगाएका थिए ।

४) गौतम बुद्धको सारथीकोनाम छन्दक हो भने घोडाको नाम 'कण्थक' हुन् ।

५) बौद्ध धर्मको प्रमुख धार्मिक ग्रन्थ त्रिपिटक हुन् ।

६) बौद्ध तीर्थहरू मध्ये, स्वर्णशीला थाइल्याण्डमा, ताम्रशीला श्री लंकामा, विक्रमशीला भारतमा र तक्षशीला पाकिस्तानमा पर्दछ ।

७) पहिलो विश्व बौद्ध सम्मेलन सन १९५० मा कोलम्बोमा भएको थियो ।

८)"भिक्षु अमृतानन्द मार्ग पाल्पा जिल्लामा पर्दछ ।

९) गौतम बुद्धको दिदीको नाम नन्दाकुमारी थियो भने भाइको नाम नन्दकुमार थिए ।

१०) बुद्धको समयमा 'अजातशत्रु' मगध देशका राजा थिए ।

११) गौतबुद्धको दाँत, राखिएको 'टेम्पलटुठ मन्दिर' श्रीलंकामा छ ।

१२) नेपालमा पहिलो बौद्ध शिक्षा दिने विद्यालय 'विश्वशान्ति बौद्ध शिक्षालय' बानेश्वरमा छ ।

१३) विश्वमा सबैभन्दा बढी बौद्ध विहार मलेसियामा छ ।

१४) स्वयम्भु चैत्यको निमार्वा राजा वृष्वदेवको पालामा भएको थियो ।

१५) भगवान बुद्धको निर्वाण पञ्चात बुद्ध धर्मको बारेमा लेखिएको पहिलो ग्रन्थ 'मूल सर्वास्तिविनय हुन ।

१६) प्रत्येक १२ वर्षमा मनाइने सम्यक महादानको पूजाको चलन राजा पृथ्वीनारायण शाहको पालादेखि चलेको थियो ।

१७) सिद्धार्थ गौतमको मावली रामग्राममा थिए ।

१८) नेपाल आउने पहिलो जापानी बौद्ध भिक्षु कावागुची हुन् ।

१९) सुनवाट बनेको सबभन्दा ठूलो गौतम बुद्धको मूर्ति थाइल्याण्डमा छ ।

२०) लुम्बिनी बौद्ध विश्वविद्यालयको स्थापना २०६१ मा भएको थियो ।

बहा बही चिनौं, सम्पदा संरक्षण गरौं

# भक्तपुरमा सम्पदा पदयात्रा सम्पन्न




भक्तपुर नगरपालिकाको आयोजनामा भएको 'बहा बही चिनौं, सम्पदा संरक्षण गरौं' भन्ने नारासहित योमरी उत्सव तथा सांस्कृतिक सम्पदा पदयात्रा शनिबार भव्य कार्यक्रमबीच सम्पन्न भयो । भक्तपुर नपाले योमरी पुन्हीको अवसर पारेर नगरका विभिन्न क्षेत्रमा रहेका बहाबहीहरू अवलोकन गराउने उद्देश्यले योमरी उत्सव र सम्पदा पदयात्राको आयोजना गरेको हो ।

पदयात्रा सम्पन्न भएपछि गोल्मढीमा आयोजित समापन समारोहमा नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद प्रेम सुवालले भक्तपुर नपाले नेपालभाषाबाट प्रकाशित गरेको 'प्रगतिशील भजन म्यें मुना' नामक पुस्तक विमोचन गर्नुभयो । उहाँले भन्नुभयो, "बेलायती मन्त्री ई.ए. पावेलले भक्तपुर नघुमेको यात्रीले विश्वको आधा भाग नघुमेजस्तै हुने बताएका थिए । यो भनाइले भक्तपुरले भक्तपुरको सांस्कृतिक सम्पदाको महत्त्व पुस्टि गरेको छ । पुर्खाले सिर्जेको सम्पत्ति हाम्रो कला र संस्कृति नयाँ पुस्ताको साझा सम्पत्ति हो ।"

सांसद सुवालले नेपाल मजदुर किसान पार्टीका अध्यक्षज्यूले २०५८ सालमा सांस्कृतिक नगर घोषणासम्बन्धी विधेयक दर्ता गराउनुभएको थियो; २२ वर्ष भयो, सरकारहरूले विधेयक पारित गरेनन्; सांस्कृतिक सम्पदा संरक्षण भए पर्यटन उद्योगसमेत प्रवर्द्धन गर्न मद्दत पुग्ने

थियो भन्नुभयो । उहाँले भन्नुभयो, "ख्वप विश्वविद्यालयको विधेयक संसद्मा पुगेको ८ वर्ष भयो तर सरकारहरूले पारित गरेनन् । राणा शासनले जनतालाई नपढाई १०४ वर्षसम्म अन्धकार युगमा राखेको थियो । गणतन्त्रमा पनि त्यही भइसकेको छ ।" "प्रधानमन्त्रीहरूसँग देश विकासको खाका नै छैन । प्रधानमन्त्रीहरूले आफ्ना छोराछोरीलाई हेर्ने होइन, देशभक्तिका जनताका छोराछोरीलाई हेर्नु जरुरी छ । जनताका छोराछोरीलाई राम्रोसँग नपढाई विदेशीसँग पैसा लिनको निम्ति पास गराउनु सरकारले जनतालाई धोका दिनु हो ।" सांसद सुवालले भन्नुभयो ।

"जनताका छोराछोरीलाई वैदेशिक रोजगारीमा पठाएर प्राप्त विप्रेषण रकमबाट भारतसँग दाल, चामल, तरकारी किन्नु सरकार जिम्मेवार नहुनु हो । सरकारले देशको सन्तुलित विकास गरी कृषिमा आत्मनर्भिर बनाउनु आवश्यक छ ।" उहाँले भन्नुभयो । सबै भाषा र संस्कृतिका जनता मिलेर युद्धको विरोध गर्नु जरुरी छ; संसारमा इजरायल र अमेरिकाले प्यालेस्टिनमा गरेको जातीय नरसंहारको विरोध भइरहेको छ; नेपाल मजदुर किसान पार्टीले काठमाडौं, काभ्रे, जुम्ला, दैलेख, कालीकोट, बाँके, कैलाली, भक्तपुर, ललितपुरमा जुलुस र सभा गरी युद्धको विरोध गर्दै छन् भन्नुभयो । बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक यो देशमा सबै जातजाति र भाषाभाषीका जनता एकआपसमा मिली भाइचारा सम्बन्ध कायम गरी बसिरहेको बताउनुभयो ।

छिमेकी देश भारतले बुद्ध भारतमा जन्मेको भनी दुष्प्रचार गर्दा पनि नेपाल सरकार मौन बस्नुमा सरकारको औचित्यमाथि प्रश्न उठेको बताउँदै उहाँले नेपाली जनशक्ति विदेश पठाएर रेमिट्यान्सको भरमा देश सञ्चालन गर्ने सरकारको नीतिको विरोध गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

कार्यक्रममा नगर प्रमुख सुनिल प्रजापतिले भक्तपुरका मूर्त र अमूर्त सम्पदा संरक्षण र लोपोन्मुख अवस्थामा रहेका सम्पदाहरूको संरक्षण र संवर्द्धन गर्ने उद्देश्यले भक्तपुर नपाले विविध गतिविधिहरूलाई जोड दिँदै आइरहेको बताउनुभयो । भक्तपुरमा रहेका बहाबहीहरू आफैंमा एउटा अमूल्य सम्पत्तिको रूपमा रहेको चर्चा गर्दै उहाँले बौद्ध दर्शनमा भौतिकवादी दृष्टिकोण भएको उल्लेख गर्नुभयो ।

प्रमुख प्रजापतिले १२ औंदेखि १५ औं शताब्दीसम्म भक्तपुरमा रहेका थुप्रै मल्लकालीन सम्पदाहरूको संरक्षण गर्नु सबैको साझा दायित्व भएको बताउनुभयो । बहाबही चिनाउने उद्देश्यले आयोजना गरिएको सम्पदा पदयात्राले नेपालमा बौद्ध धर्म र दर्शनबारे खोजमूलक अध्ययन अनुसन्धानमा समेत टेवा पुग्ने उहाँले बताउनुभयो ।

बौद्ध दर्शनका अध्येता डा. पुष्परत्न शाक्यले भक्तपुर नपाको आयोजनामा भएको भक्तपुरका प्राचीन बहाबही अवलोकन कार्यक्रम बौद्ध दर्शन र संस्कृतिप्रति जागरण ल्याउने ऐतिहासिक कदम भएको बताउनुभयो । भक्तपुर नपाले जनतामाझ गरेका प्रतिबद्धताअनुसारको काम गरिरहेको उल्लेख गर्दै उहाँले संरक्षणको अभावमा रहेका


बहाबहीको अस्तित्व हराउँदै अवस्था सिर्जना हुन नदिन गरेको यस किसिमको प्रयास सराहनीय भएको बताउनुभयो ।

कार्यक्रममा भनपा वडा नं. ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छें, भनपा ७ का वडाध्यक्ष उकेश कवां र भनपा ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले पनि बोल्नुभएको थियो । कार्यक्रममा प्रमुख अतिथि प्रजापतिले सम्पदा पदयात्रामा सहभागी बहाबहीका प्रतिनिधि र गुँला बाजा समूहका प्रतिनिधिहरू तथा सहयोगीलाई मायाको चिनो प्रदान गर्नुभयो ।

सांस्कृतिक गतिविधि र स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्न नगरका ठाउँ ठाउँमा सांस्कृतिक प्रदर्शनी, खाद्य स्टल तथा मौलिक उत्पादनहरूको प्रदर्शनी तथा बिक्री केन्द्रहरू राखिएको थियो । ऱ्यालीमा हजारौं सङ्ख्यामा नगरवासीहरूको उत्साहजनक सहभागिता थियो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुरको टौमढीमा पदयात्राको उद्घाटन गर्नुभएको थियो । यात्रामा जनप्रतिनिधि, कर्मचारी, शिक्षक, बहाबहीका प्रतिनिधिहरू, स्वयम्सेवक, सङ्घ संस्थाका प्रतिनिधि, खेलकुद समिति, गुँला बाजा समूह, डाफाभजन, स्काउट, विद्यार्थी, महिला, शिक्षक, व्यापारी, व्यवसायी, पत्रकार, लेखक नगरवासीहरूलगायतको सहभागिता थियो । टौमढीबाट सुरु भएको सम्पदा पदयात्रा गोल्मढीको यातामा पुगी सम्पन्न भएको थियो । सम्पदा पदयात्रा अखण्डशील महाविहार (बुलुचा), जेतवर्ण (तेखाचो), बौद्ध समंकृत (कुथुबही), जयकीर्ति (थथुबही), ज्येष्ठवर्ण (इताछें), लोकेश्वर (कुश्क), चतर्ब्रह्म (साकोथा), यालाछें बही (यालाछें), सुवर्ण (सुकुलढोका), मन्जुवर्ण (बेखाल), प्रशन्नशील महाविहार (क्वाठण्डौ), दीपङ्कर (क्वाठण्डौ), कुलरत्न (क्वाठण्डौ), धर्मकीर्ति (क्वाठण्डौ), आदिपद्म (सूर्यमढी), खुसीबाहा (खोढ्), मुनिबिहार (खँचा), इन्द्रवर्ण (इनाचो), भौरबही (गोल्मढी) हुँदै भनपा वडा नं. ७ यातामा पुगी कार्यक्रमको समापन भएको थियो ।

◆



कला, संस्कृति र सम्पदा जोगाऔं ।


# थँबही (ठमेल) को सार्वजनिक कमलपोखरी मासेर बनाइएको पन्ध्र तलाको छायादेवी कम्प्लेक्स तत्काल भत्काऊ !

# अपिल

सम्पदाप्रेमी दाजुभाइ दिदीबहिनीहरू,

- काठमाडौं महानगरपालिका वडा नं २६ ठमेलस्थित श्री सिंह सार्थवाह गरुड भगवान गुठीसँग सम्बन्धित लिच्छवीकालीन बिक्रमशील महाविहार (थँबही) हो । यो विहारको पूर्वतिर कमलको फूल फुल्ने सार्वजनिक पोखरी थियो । कमलको फूल थँबहीको भगवान्लाई चढाई नित्य परम्परा चलाइन्थ्यो । कमलपोखरी र डिलमा रहेको फलफूलको बगैंचासमेत रु. १२५।- मा ठेक्का लाग्थ्यो । विसं १९६५ सालको रसिदअनुसार पोखरी र डिलको क्षेत्रफल २६.५ रोपनीमा फैलिएको थियो ।
- विसं १९७७ सालमा राणा प्रधानमन्त्री चन्द्रशमशेरका छोरा केशरशमशेरले थँबहीको कमलपोखरी आफ्नो दरबार केशरमहलको कम्पाउन्डभित्र पारे र पोखरीको डिलको सट्टाभर्ना जग्गासमेत दिने भनी कब्जा गरे । केशरशमशेरले पोखरी प्रयोग बापत रु. १२५।- बहाल पनि बुझाए तर सट्टाभर्ना जग्गा दिएनन् । विसं १९७८ सालमा केशरशमसेर आफैंले थँबहीको गुठीलाई लेखेको पत्रमा सार्वजनिक कमल पोखरी गुठीको भएको स्वीकार गरेका थिए ।
- २०२१ सालको भूमिसम्बन्धी ऐन लागु भएपछि छुट गुठीमा दर्ता भएका सबै राजगुठीमा परिणत भयो र सिंह सार्थवाह गरुड भगवान गुठीका गुठीयारहरूको हक अधिकार गुठी संस्थानमा सऱ्यो । २०२५ सालमा केशरशमशेरले सार्वजनिक कमलपोखरीको केही भागमा पानी सुकाउँदा थँबहीका गुठीयारहरूले विरोध गरेका थिए । केशरशमशेरका छोरा केयुरशमशेरले पोखरीको केही भागमा धानसमेत रोप्न लगाएका थिए ।
- २०२७ सालमा केयुरशमशेरविरुद्ध काठमाडौं जिल्ला अदालतमा धर्मलोप मुद्दा दर्ता भएको थियो । २०३३ साल पुस ३ गते सर्वोच्च अदालतका न्यायाधीशद्वय प्रकाशबहादुर केसी र विश्वनाथ उपाध्यायको संयुक्त इजलासले श्री सिंह सार्थवाह गरुड भगवान् गुठीको मातहत रहेको पुरातात्त्विक महत्त्वको कमलपोखरी र त्यसको डिल सार्वजनिक नै कायम हुनुपर्ने ठहर गरेको थियो । २०३३ सालको सहरी क्षेत्रको नापीमा सार्वजनिक कमलपोखरी जग्गा आफ्नो जग्गामा घुसाई कि.नं. १६७ को क्षेत्रफल १२-१३-२-२ मात्र पोखरीमा सीमित गरियो र बाँकी जग्गा केयुरशमशेरले कब्जा गरे ।
- २०३९ सालमा केयुरशमशेरले गुठी ऐनविपरीत गरुड भगवान् गुठीको सार्वजनिक कमल पोखरीमा दर्तावाला मोहीमा आफ्नो नाम लेखाए । किनं १६७ को कमलपोखरीलाई कित्ताकाट गराई कि.नं. १६१६ को क्षेत्रफल ६ आना चन्द्रशमशेरका कारिन्दाकी नातिनी सुधा पौडेललाई र कि.नं. १६१७ को क्षेत्रफल २-१०-०-० अर्को कारिन्दाकी नातिनी बिना पौड्याललाई बिक्री गरेको कागज





सार्वजनिक कमल पोखरी



हालको छायादेवी कम्प्लेक्स भवन

बनाउन लगाएर कि.नं. १६१८ आफ्नो नाममा राख्न लगाए ।

२०४१ सालमा केयुरशमशेरको मृत्यु भयो । उक्त पोखरीको २०४२/४३ सालको बुझाउनुपर्ने ठेकलाई सिम किसिमको जग्गा लेखाई अम्बिका राणाले दर्तावाला मोही आफूलाई जनाई बिक्रमशील महाविहारमा कुत बुझाउने र बुझिलिने काम गराइन् । त्यतिबेला सार्वजनिक कमलपोखरीलाई सिम किसिमको जग्गा बनाउन सहमति दिने केही गुठीयार र गुठी संस्थानका केही कर्मचारीहरूलाई गुठी संस्थानले कारबाही गरेको थियो । तर, २०४४ सालमा थँबहीको सार्वजनिक कमलपोखरीसमेत ५८ रोपनी सार्वजनिक जग्गा तत्कालीन सरकारले आफ्नो नाममा दर्ता गरेको थियो । २०४४ सालमा सार्वजनिक कमलपोखरीको मोहियानी हक पनि अम्बिका राणाको नाममा तथा सुधा एवम् बिनाको नामको सहोदर दाजु शङ्करप्रसाद शाहको नाममा नामसारी गराए । २०४७ सालमा अम्बिका र शङ्करप्रसादले उक्त सार्वजनिक पोखरीको कि.नं. १६१६, १६१७ र १६१८ रैतानीमा परिणत गराए ।

- २०४७ सालमा गुठी संस्थानले सार्वजनिक कमलपोखरीलाई रैतानी गरिएको बदर गर्‍यो । २०५३ सालमा पुनरावेदन अदालतले रैतानीलाई सदर गर्‍यो । स्थानीय जनताले क्लबको नाममा सार्वजनिक कमलपोखरी संरक्षण गर्न लागेपछि तत्कालीन राजा ज्ञानेन्द्रको प्रत्यक्ष सरकारले क्लब भवन जबरजस्ती भत्कायो ।
- २०५५ मङ्सिर १५ गते सार्वजनिक कमलपोखरी कायम गराउन थँबहीका गुठीयारहरूले गुठी संस्थान, अम्बिका राणा र शङ्करप्रसाद शाहविरुद्ध जिल्ला अदालत काठमाडौंमा अर्को मुद्दा दर्ता गरेका थिए । २०६२ असार १८ गते केही गुठीयार र अम्बिका राणा तथा शङ्करप्रसाद शाहबिच १ करोड ५० लाख नगद र ४ आना जग्गा लेनदेन गरी पोखरीको बाँकी जग्गा राणालाई छाड्ने गरी जिल्ला अदालतमा मिलापत्र गरियो ।
- थँबहीको गुठी राजगुठी भएको हुँदा यसको चल अचल सम्पत्ति लेनदेन गर्ने अधिकार गुठीयारहरूसँग हुँदैन । गुठी संस्थानको तत्कालीन अधिकारीहरूले सार्वजनिक कमलपोखरी संरक्षण नगरी अम्बिका राणालगायतलाई अनधिकृत मोही दर्ता गराउन मिलेमतो गरेका थिए । २०६३ सालमा अम्बिका राणाले सो पोखरीको कि.नं. १६१८ को ९-१३-२-२ जग्गा आफ्नै सुरेशाय हाउजिङ कम्पनीलाई हस्तान्तरण गरे ।

- २०६४ सालमा अम्बिका राणाले आफ्नो हाउजिङ कम्पनीको नाममा रहेको सो सार्वजनिक कमलपोखरी आफ्नै नातेदार हिमालयशमशेर राणाकी छोरी तथा पृथ्वीबहादुर पाँडेकी श्रीमती प्रतिमा राणा पाँडेलाई हक हस्तान्तरण गरे ।
- २०६५ सालमा प्रतिमा राणा पाँडेले आफ्नो पति पृथ्वीबहादुर पाँडे अध्यक्ष रहेको छायादेवी कम्प्लेक्स प्रालिको नाममा सो सार्वजनिक कमलपोखरी नामसारी गराइन् र पाँडेले आफ्नो आमाको नाम जोडेर व्यापारिक भवन छाया कम्प्लेक्स बनाउन थाले । पाँडेकी आमा छायादेवी हुन् ।
- २०६९ सालमा काठमाडौं महानगरपालिकाले अदालतमा मुद्दा विचाराधीन रहेकै बेला सार्वजनिक कमलपोखरीमा भवन बनाउन छायादेवी कम्प्लेक्सलाई अनुमति दियो ।
- २०७० सालमा गुठीयारमध्येकै ६ जना भागवतनरसिंह प्रधान, संजीवमान प्रधान, अर्जुनलाल प्रधान, अंजिरमान प्रधान, राजेशमान प्रधान र रंजयमान प्रधानले गुठी रैतानी निर्णय बदरसमेतको मुद्दा जिल्ला अदालतमा दर्ता गराए । जिल्ला र पुनरावेदन अदालतले सो मुद्दाको विपक्षमा फैसला गर्‍यो ।
- २०७० सालमा दीपकबिक्रम मिश्र र २०७१ सालमा लाहुर्निप भन्ने संस्थाले थँबहीको सार्वजनिक कमलपोखरी कायम गर्न सर्वोच्चमा मुद्दा दर्ता गरेका थिए ।
- २०७१ साउन २८ गते पुरातत्त्व विभागका तत्कालीन महानिर्देशक भेषनारायण दाहालले सार्वजनिक कमलपोखरी भनी आफ्नै विभागमा भएको अभिलेखलाई लुकाएर सर्वोच्च अदालतलाई 'उक्त जग्गा सार्वजनिक पोखरी हो भनी औंल्याउन सकिने अवस्था नभएको अवगत गराउन चाहन्छु' भनी झूटा पत्र पठाए । २०७५ जेठ ३ गते मालपोत कार्यालय काठमाडौंले सो सार्वजनिक कमलपोखरीबारे अदालतलाई जग्गाधनी स्रेस्ताको सक्कल कागज फेला नपरेको झूटा जवाफ पठायो । सार्वजनिक कमलपोखरीको सक्कल जग्गाधनी स्रेस्ता कसरी हुन्छ ?
- २०७३ सालमा भागवतनरसिंह प्रधानले सार्वजनिक कमलपोखरी र डिलसमेतको गुठी रैतानी बदरसमेतको लागि सर्वोच्च अदालतमा मुद्दा दोहोर्‍याउन माग गरे । २०७३ साल चैतमा सर्वोच्च अदालतले मुद्दा दोहोर्‍याउनुपर्ने निस्सा दियो ।
- २०७३ साल चैत ६ गते सर्वोच्च अदालतका तत्कालीन न्यायाधीशहरू जगदीश शर्मा पौडेल र केदारप्रसाद चालिसेको संयुक्त इजलासले २०३३ सालको नापीमा श्री सिंह सार्थवाह गरूड भगवान गुठीको किनं १६७ को पोखरी, कि.नं १०४० चोक जनिएको पोखरी र जग्गाबारे मुद्दा दोहोर्‍याई हेर्ने निस्सा प्रदान गर्‍यो ।
- सो आदेशमा भनिएको छ– "सार्वजनिक जग्गा व्यक्तिको नाममा दर्ता भएमा जहिले पनि बदर हुन सक्ने अवस्था मालपोत ऐन, २०३४ को दफा २४ मा उल्लेख भएको हुँदा पुनरावेदन अदालत पाटनबाट २०७२ फागुनमा सार्वजनिक कमलपोखरी व्यक्तिको नाममा सदर गरेको फैसला त्रुटीपूर्ण भएकोले मुद्दा दोहोर्‍याई हेर्ने निस्सा प्रदान गरिएको छ ।" सो आदेशमा पुनरावेदन अदालत पाटनले गुठी संस्थान ऐन २०३३ को दफा २५ (४) मा धार्मिक, सार्वजनिक पर्ती जग्गा कुनै व्यक्तिको नाममा दर्ता गरिएको बदर हुने, दफा २७ (ख) मा साविकदेखि खेती गरी नआएको बागबगैंचा भएको वा तोकिएको सहर बजारको

पर्ती गुठी जग्गामा मोहियानी हक नपाउने तर थँबहीको सार्वजनिक कमलपोखरीमा मोहियानी हक दिइएको त्रुटीपूर्ण भएको र तत्कालीन प्रधानन्यायाधीश केदारप्रसाद गिरी र न्यायाधीश अनुपराज शर्माको इजलाशले २०६५ मङ्सिर २३ गते काठमाडौं जितपुर फेदीका सूर्यप्रसाद धितालविरुद्धको मुद्दामा दर्ता कायम नै नरहेको जग्गा अनधिकृत रूपमा मिलापत्रमा उल्लेख गर्दैमा हक नहुने नजिरसमेत स्थापित भएको उल्लेख गरी दोहोऱ्याई मुद्दा हेर्ने निस्सा प्रदान गरेको थियो ।

- नेकपा एमालेका सांसद र तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री योगेशकुमार भट्टराईले आफू मन्त्री हुनुअघि सांसदको हैसियतमा २०७५ पुस १ गते सो भवनमा पछाडिको ढोकाबाट प्रवेश गरी उद्घाटन र सार्वजनिक कमल पोखरी र जग्गा व्यक्तिलाई कब्जा गराउन समर्थन गरेका थिए । यसबारे सांसद भट्टराईले हालसम्म प्रायश्चित गरेका छैनन् ।
- पाँडेले सार्वजनिक कमलपोखरी चन्द्रशमशेरले नौका विहार गर्न बनाएको जस्ता झूटा तर्क गरी २०७५ फागुन ७ गते पत्रकार सम्मेलन गरेको हुँदा थँबहीको सार्वजनिक कमलपोखरी नै कायम गराउन आवश्यक सहयोगको लागि सम्पूर्ण पत्रकार मित्रहरूसँग हामी हार्दिक आग्रह गर्दछौं ।
- हामीलाई पूर्ण विश्वास छ - सम्मानित सर्वोच्च अदालतबाट थँबहीको कमलपोखरीसहित २६.५ रोपनी सार्वजनिक जग्गा आफ्नो नाममा गराउने र पन्ध्र तलाको छाया कम्प्लेक्स व्यापारिक भवन निर्माण गर्ने राणा र पाँडेहरूको कर्तुतलाई गैरकानुनी ठहर गरिनेछ ।
- छाया कम्प्लेक्स व्यापारिक भवनमा सेवा सञ्चालन भइरहेको **VFS Global** लगायत अन्य पसल सञ्चालन गर्नेहरूले आ-आफ्नो सेवा सो भवनबाट अन्यत्र सारेर जनताको सङ्घर्षमा साथ दिनुहुने अपेक्षा गरेका छौं । छाया कम्प्लेक्समा सञ्चालित **ALOFT Hotel** का सञ्चालकलाई पनि कम्प्लेक्सबाट होटेल सारी ऐतिहासिक कमल पोखरी संरक्षण गर्ने काममा सहयोग गर्न हार्दिक अनुरोध गर्दछौं ।
- पृथ्वीबहादुर पाँडेसमेतको लगानी भएको छाया कम्प्लेक्स भवनमा पाँडेले आफ्ना परिवारजन, नातेदारलगायत तत्कालीन राजाका आसेपासेहरूलाई करोडौं करोड रुपैयाँको शेयर राख्न लगाएर फसाएका छन् । पाँडेले आफैं अध्यक्ष भएको नेपाल इन्भेस्टमेन्ट बैङ्कलगायत धेरै वाणिज्य बैङ्कको अर्बौं रुपैयाँ लगानी गराई सर्वसाधारण जनताको बचतसमेत डुबाउने आर्थिक अपराध गर्दै छन् ।
- छाया कम्प्लेक्स व्यापारिक भवन निर्माण भएको सार्वजनिक कमलपोखरी र जग्गासमेत २६.५ रोपनी सार्वजनिक र सरकारी नै कायम गर्न गराउन आवश्यक सहयोगको लागि नेपाल बार एसोसियसनलगायत सम्पूर्ण कानुन व्यवसायी अधिवक्ता र वरिष्ठ अधिवक्ताहरूसँग हामी हार्दिक अनुरोध गर्दछौं ।

सर्वोच्च अदालतमा विचाराधीन मुद्दाको तीसौं पटक पेशी भए पनि फैसला नभएको र २०८० असोज ७ गते एकतीसौं पटक पेशी तोकिएको हुँदा अदालतबाट सम्पदा विनास नहुने गरी न्याय दिने आशा गरेका छौं । सम्पूर्ण सम्पदाप्रेमी जनतालाई हाम्रो यो सङ्घर्षमा साथ र सहभागिता जनाइदिनुहुन हार्दिक अनुरोध गर्दछौं ।

***सम्पदाप्रेमी समाज नेपाल***


बौद्ध दर्शन अध्ययन समाजको सहयोगार्थ प्रकाशित बौद्ध साहित्यिक पत्रिका
'अर्हत्' त्रैमासिक निरन्तरताको हार्दिक शुभकामना ।
BHAKTAPUR
Chinese Language
And Cultural Center
巴克塔普尔汉语言与文化中心
Dekocha, Bhaktapur
Bhaktapur
Chinese Language
And Culture Center 2015
चिनियाँ भाषा सिकौं । चीन र चिनीयाँ संस्कृतिबारे अध्ययन गरौं ।
Email : bktclcc@gmail.com
www.facebook.com/bktclcc
9840796732, 9841654428


हार्दिक शुभकामना
बौद्ध दर्शन अध्ययन समाजको सहयोगार्थ प्रकाशित
बौद्ध साहित्यिक पत्रिका 'अर्हत्' त्रैमासिक
निरन्तरताको हार्दिक शुभकामना ।
Director
Shankat Nakarmi
S.N. Engineering Works
Libalii-2, Bhaktapur, Nepal, Ph. No. 6616167, 9841786811
भट्टाको लागि चाहिने हरेक मेशिन तयार गर्नुको साथै फलामसम्बन्धी काम पनि गरिन्छ ।

जि.प्र.का., भक्तपुर द.नं. १२६/२०६९/७०





